# जननेता
# मदन भण्डारी
# र राष्ट्रियता



डा. कुन्दन अर्याल



# जननेता मदन भण्डारी र राष्ट्रियता

डा. कुन्दन अर्याल

मदन भण्डारी फाउण्डेशन

**दस्तावेजको नाम** : **जननेता मदन भण्डारी र राष्ट्रियता**

**प्रकाशक** : मदन भण्डारी फाउण्डेशन
www.mbf.org.np

**प्रकाशित संख्या** : २००० प्रति

**प्रकाशन मिति** : २०७८ असार

**संस्करण** : पहिलो

**आवरण/लेआउट** : एमएस माउस

**मुद्रण** : एरोल प्रा.लि.

**ISBN** : 978-9937-091-55-8

# जननेता मदन भण्डारी र राष्ट्रियता

**जननेता मदन कुमार भण्डारीद्वारा**

प्रतिनिधिसभाको चौथो अधिवेशनको ३३औं बैठकमा

**टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि**

**दुवै सदनको संयुक्त बैठकको क्षेत्राधिकारको विषय भएकोले**

**प्रतिनिधिसभामा छलफल नगरियोस्** भन्ने विषयमा

चैत्र २४, २०४९ मा प्रस्तुत विचार र

डा. कुन्दन अर्यालको विश्लेषण ।

# विषयक्रम

१. विश्लेषण : महाकालीमा राष्ट्रिय स्वार्थको रक्षामा अग्रणी जननेता ........ १

२. विषय : जननेता मदन कुमार भण्डारीद्वारा प्रतिनिधिसभाको चौथो अधिवेशनमा टनकपुर बाँध परियोजनासँग सम्बन्धी विषयमा प्रस्तुत विचार ........ २३

३. परिशिष्ठ

- जननेताका विचार (पृष्ठ ६५), तस्विरमा मदन भण्डारी, २०६६ असार, क्लासिक प्रिटिङ सर्भिस, अनामनगर ........ ३९
- नेपाल राजपत्र, (खण्ड ४२), काठमाडौं, २०४९ फागुन ५, नेपाल सरकार मुद्रण विभाग ........ ४७



# महाकालीमा
# राष्ट्रिय स्वार्थको रक्षामा
# अग्रणी जननेता

डा. कुन्दन अर्याल

## सारांश

२०७७ सालको दोस्रो महिना प्रतिनिधिसभाबाट नेपालको पश्चिमी सीमामा भारतीय सरकारद्वारा गरिएको भूभागको अतिक्रमण र नक्साको तोडमोडलाई सच्याउने सर्वसम्मत निर्णय भयो । निसाना छापमा देशको नक्सा सच्याउन गरिएको संविधान संशोधनले महाकाली नदीमा राष्ट्रिय स्वार्थको रक्षार्थ गरिएका पहल र विगतका कतिपय ऐतिहासिक मोडहरूको सम्झना गरायो । पर्याप्त ऐतिहासिक प्रमाणहरूका आधारमा महाकाली नदीको साँचो उद्गमस्थलका सम्बन्धमा भारतलाई कूटनीतिक पहलकै आधारमा सहमत गराउने नेपालको आधिकारिक निश्चय विगतका ती पहलहरूकै जगमा उभिएको छ । झण्डै तीन दशकअघि नेकपा (एमाले)का महासचिव मदनकुमार भण्डारीले देशको भू-अखण्डताको पक्षमा सुरु गर्नुभएको सम्झौताहीन सङ्घर्षले नै आज नेपाललाई आफ्नो भूमि मिचिएको कुरामा राष्ट्रिय-मतैक्य कायम भएको अवस्थामा ल्याइपुऱ्याएको हो । यस आलेखमा झण्डै तीन दशक अवधिको नेपाली राजनीतिको उतार चढाव, नेपाल भारत सम्बन्ध र मदन भण्डारीको देशभक्त व्यक्तित्वको अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ । केही ऐतिहासिक महत्वका दस्तावेजको अध्ययन, जननेता भण्डारीका सार्वजनिक विचार र सम्बन्धित व्यक्तिहरूसँगको अर्न्तवार्ता नै यस आलेखमा प्रस्तुत तथ्यतथ्याङ्कका स्रोत हुन् ।


**केही महत्वपूर्ण शब्दहरू** : सीमा अतिक्रमण, त्रिदेशीय बिन्दु, समझदारी, सन्धि, दुई-तिहाइ बहुमत ।

२०७७ साल जेठ ३१ गते, प्रतिनिधिसभाको बैठक, जहाँ नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि दफावार छलफल भइरहेको थियो । दार्चुलाबाट निर्वाचित सांसद गणेश सिंह ठगुन्नाले आफ्नो पालो आएपछि भन्नुभयो, “इतिहासले सुम्पिएको एउटा अभिभारा आज हामी पूरा गर्दैछौं । हाम्रो आगामी कार्यभार आफ्नो भूमिमा आफ्नै स्वामित्व स्थापना गर्ने हुनुपर्नेछ ।”

उहाँले भावविभोर हुँदै त्यस दिन आफु व्यक्तिगत रूपमा पनि अत्यन्त खुसी भएको कुरा व्यक्त गर्नुभयो । उहाँको खुसीको कारण उहाँकै शब्दमा, "नेपालले अग्रसरता लिएको छ ।" जिल्लाको व्यास गाउँपालिका वडा नम्वर १ को ३९७ वर्ग किलोमिटर भूभाग भारतीय अतिक्रमणमा परेको थियो । त्यतिमात्र होइन, लिम्पियाधुराबाट निस्कने महाकाली नदीको पूर्व लिपुलेक-लिपुखोलासम्मको ३ सय ३५ वर्ग किलोमिटर भूमि विगतमा हाम्रै नक्सामा समेत समावेश भएको थिएन । उहाँले भन्नुभयो, "हाम्रो स्वाभिमान घायल भएको थियो, आज जागेको छ" (प्रतिनिधि सभा, ०७७) ।

उहाँले राष्ट्रियता र जनजीविकाको आन्दोलनमा सहभागी हुने अग्रजहरूको स्मरण गर्दैगर्दा दार्चुलाबाट सुरु भएको महाकालीको अन्तिम नेपाली गन्तव्य कञ्चनपुर जिल्लाको महेन्द्रनगरस्थित आफ्नै घरमा टेलिभिजन लाइभ हेरेर बसेका वीरबहादुर ठगुन्ना भावुक हुनुभयो । त्यस दिन उहाँजस्तै कैयन् मानिसले नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारीको सम्झना गरे, जसलाई थाहा छ, ०४८ साल चैत ३० गते राति दार्चुलामा विष्णु पौडेल, भीम कडायत, प्रेमसिंह धामी र उनै वीरबहादुर ठगुन्नासँगको छलफलका क्रममा भण्डारीले महाकालीको शिर नै नक्कली खडा गरेर नेपाली भूभाग मिचिएको वृत्तान्त सुनिसकेपछि भन्नुभएको थियो, "यति गम्भीर विषयमा वस्तुगत अवस्थाको अवलोकनसहित विस्तृत अध्ययन नगरी बोलिहाल्नु हुँदैन, त्यसैले सबैभन्दा पहिले स्थलगत अध्ययनसमेत गरी प्रतिवेदन तयार गरौं ।" दिउँसो दार्चुला सदरमुकाममा आयोजित जनसभापछि भएको त्यो छलफल सकिँदा नसकिँदै राति ७ बजे रेडियो नेपालको समाचारबाट स्थानीय चुनावको घोषणा गरिएको जानकारी प्रसार भयो । स्वाभाविकै रूपमा भोलिपल्टदेखि नै पार्टी केन्द्रदेखि स्थानीय तहसम्मै निर्वाचनको चटारोमा होमियो । तर जिल्ला विकास समितिको सदस्यमा निर्वाचित भएपछि पहिलो बैठकबाटै विकास निर्माणको अनुगमन गर्न जाने निर्णय गराएर वीरबहादुर ठगुन्नाले ०४९ साल भदौ २५ गतेदेखि असोज ३ गतेसम्म सीमा क्षेत्रको मिहिन स्थलगत अनुगमन गर्नुभयो । भारतीय सुरक्षाकर्मीले रोकटोक नगरेसम्म अघि बढ्दै जाँदा उहाँको मस्तिष्कमा कमरेड भण्डारीका निर्देशनहरू लिपिबद्ध थिए । उहाँले भन्नुभएको थियो - "तपाईं त

भूगोल पनि पढेको मान्छे, 'स्केच' नै बनाउने कोसिस गर्नुहोला ।" उहिले-उहिले भेडा लिएर परपर पुग्ने काका, दाजुहरूको स्मृतिका आधारमा उहाँले गुञ्जी, नाभी र कुटीको अवस्थिति अनि नक्कली काली मन्दिरसम्बन्धी सम्पूर्ण विवरण समेट्नुभयो । लिम्पियाधुरा भएर तिब्बतको ताक्लाकोट जाने बाटो हिँडेका पुराना मानिसहरूको अनुभवलाई उहाँले सँगाल्नुभयो । फर्किएर वीरबहादुर ठगुन्नाले सीमा अतिक्रमणसम्बन्धी प्रतिवेदन तयार गरी ०४९ साल मङ्सिरमा काठमाडौँ पुगेर महासचिव भण्डारीलाई बुझाउनुभयो ।

०४९ साल चैत २४ गते प्रतिनिधिसभामा महाकाली नदीमा निर्माण गरिएको टनकपुर परियोजनाका बारेमा बोल्दै गर्दा कमरेड भण्डारीको मानसपटलमा महाकालीको शिरसम्बन्धी आशङ्का पनि अवश्य हुनु पर्दछ। सायद त्यसैले उहाँले जनप्रतिनिधित्वको सर्वोच्च संस्थामा देशको एक इञ्च पनि भूभाग अर्को राष्ट्रलाई दिन सकिँदैन भनेर कडा अभिव्यक्ति राख्नुभएको थियो । त्यसबेला उहाँ सीमा अतिक्रमणका बारेमा विस्तृत अध्ययन गरी अकाट्य प्रमाण सङ्कलनका क्रममा हुनुहुन्थ्यो भन्ने अनुमान गर्न गाह्रो छैन । प्रतिनिधिसभाले गुञ्जी, नाभी, कुटी र कालापानीसहितको चुच्चे नक्सा अङ्गीकार गरेपछि त्यही रात वीरबहादुर ठगुन्नाले 'फेसबुक' मा त्यस घडीलाई सीमारक्षाको अभियानका अग्रणी कमरेड भण्डारीको सपना साकार हुँदै गरेको क्षण भनेर उल्लेख गर्नुभयो । भण्डारीलगायतका अग्रजहरूको सम्झना गर्नुभयो (बीर बहादुर ठगुन्ना, २०७७)।

वीरबहादुर ठगुन्नाको विचारमा जननेता भण्डारीको प्रत्यक्ष निर्देशनमा सुरु भएको सीमा अतिक्रमणविरुद्धको अग्रसरतालाई केपी ओली नेतृत्वको सरकारसँगै सिङ्गो संसदले गुञ्जी, नाभी, कुटी र त्रिदेशीय बिन्दु लिम्पियाधुरासमेत समेटिएको नक्सा जारी गरेर ऐतिहासिक मोडमा ल्याइपुऱ्याएको छ । यस आलेखमा यही प्रतिनिधीमूलक ठम्याइका आधारहरू खोज्ने जमर्को गरिएको छ ।

## छिमेकीसँग मित्रता, राष्ट्रहितमा प्राथमिकता

जननेता मदन भण्डारीका व्यवहार र अभिव्यक्तिको अध्ययनबाट देखिएको छ - उहाँ सबै राष्ट्र, अझ दुवै छिमेकीसँग मित्रतापूर्ण सम्बन्ध अघि बढाउनुपर्छ

भन्नेमा प्रस्ट हुनुहुन्थ्यो । 'न्युजविक' सँगको बहुचर्चित अन्तर्वार्तामा उहाँले सत्ताभन्दा बाहिरै रहेको त्यो बेलाको अवस्थामा पनि भन्नुभएको थियो, "हामी चीन र भारतसँग राम्रो सम्बन्ध कायम गर्न चाहन्छौँ । न प्रो-चीन, न प्रो-इण्डिया ।" साथै, उहाँ उल्लेख गर्न चुक्नु भएको छैन - "विगतमा भारतसँग केही असामान्य र अपमानजनक सम्झौता भएका छन् ।" उहाँले त्यस्ता सन्धिका असमान र अपमानजनक प्रावधानहरू हटाउनुपर्ने धारणा राख्नुभएको थियो (लिटविन,१९९३, पृ.५८) ।

भाकपा (माले)का महासचिव विनोद मिश्रले उहाँको स्मृतिमा पाँचौं महाधिवेशनका बेलाको एउटा घटनाको उल्लेख गर्नुभएको छ - "बिदा भएर हिँड्ने बेलामा उहाँ मसँग कुरा गर्न आउनुभयो । उहाँको हातमा एउटा नेपाली समाचारपत्र थियो । त्यसमा टनकपुरको बारेमा एकजना भारतीय कम्युनिष्ट नेताले दिएको सल्लाह छापिएको थियो ।" कमरेड मिश्रका अनुसार, उहाँकै शब्दमा, आफ्नो पार्टीको आन्तरिक सवालमा गरिएको यस्तो ठाडो हस्तक्षेपका कारण उहाँ क्रुद्ध हुनुहुन्थ्यो । उहाँको देहावसानपछिको दुःखद् घडीमा भण्डारीलाई एक प्रिय मित्र, एउटा साहसी र गरिमामय व्यक्तित्वका रूपमा सम्बोधन गर्दै मिश्रले भन्नुभएको थियो, "मैले उहाँलाई सधैं आत्मविश्वास, सम्मान र गौरवको उदात्त भावनाले भरिपूर्ण मित्रका रूपमा पाएँ" (मिश्र,वि.सं. २०५१,पृ.८७) । व्यक्ति, पार्टी र राष्ट्रको आत्मसम्मानको सवालमा उहाँ सदैव सचेत हुनुहुन्थ्यो । उहाँको व्यक्तित्वको त्यही पक्षले उहाँको सार्वजनिक छविको निर्माण गरेको थियो । 'न्युजविक' सँगको अन्तर्वार्ताका क्रममा पनि उहाँले एउटा प्रश्नको उत्तरमा यही भावना अभिव्यक्त गर्नुभएको थियो । प्रश्न थियो - "केही गैरकम्युनिष्टहरू भन्दैछन्, तपाईंहरूले चीन र भारतको कम्युनिष्ट पार्टीबाट पैसाको सहयोग प्राप्त गरिरहनु भएको छ ।" जवाफमा उहाँले भन्नुभएको थियो, "त्यो झूट हो, हामीले न कहिले त्यस्तो आर्थिक वा भौतिक सहयोग कतै मागेका छौं, न लिएका छौं" (लिटविन,१९९३, पृ.५८) ।

## एक इञ्च पनि भूभागमा सम्झौता हुँदैन

सन् १९२८ मा बनाइएको शारदा वनवासा व्यारेजलाई प्रतिस्थापित गर्न भारतले सन् ८० को दशकमा एकपक्षीय रूपमा टनकपुर व्यारेज निर्माण गर्न थाल्यो । ढुङ्गेल र पुन (सन् २०१४) का अनुसार नेपालले विरोध जनाउँदा भारतले भन्यो - सम्पूर्ण एफ्लक्स बाँधसहित टनकपुर ब्यारेज सम्पूर्णतः भारतीय भूमिमा बनिरहेको छ, नेपाललाई त्यसको कुनै दुष्प्रभाव पर्ने छैन । तर भारतलाई त्यस बाँधका लागि नेपाली भूमि आवश्यक देखिएपछि तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरले २०४८ जेठ ३ गते नेपालको सहयोगको अपेक्षा गर्नुभयो । त्यसपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विवादास्पद टनकपुर सन्धिद्वारा भारतलाई देब्रे तटबन्ध बनाउने र भारततर्फ पानी मोड्ने प्रयोजनका लागि ११.९ हेक्टर जमिन प्रयोग गर्ने अनुमति दिनुभयो (पृ.९) । तर नेपाल फर्किएपछि उहाँले टनकपुरको मामिलामा गरिएको समझदारी संसदबाट अनुमोदन गर्न आवश्यक छैन भन्ने दोहोऱ्याइरहेका कारण व्यापक विरोधको सामना गर्नुपऱ्यो । तत्कालीन प्रमुख प्रतिपक्ष नेकपा (एमाले) ले सदन र सडकमा समेत यो विषयलाई अघि बढायो । टनकपुरमा समझदारी होइन, सन्धि नै भएको हो र त्यसको अनुमोदन दुवै सदनको संयुक्त बैठकको दुई तिहाइ बहुमतबाट मात्र हुनसक्दछ भन्ने अडान राखिरह्यो ।

२०४८ साल पुस २ गते अधिवक्ता बालकृष्ण नेउपानेले प्रधानमन्त्री कोइरालाको भारत भ्रमणका क्रममा गरिएका सबै सन्धिसम्झौताहरू संसदबाट स्वीकृत नभएसम्म कार्यान्वय नगराउन अन्तरिम आदेशसमेत जारी गरी पाऊँ भनेर संविधानको धारा २३ र ८८ (१) (२) बमोजिम उत्प्रेषणलगायत आवश्यक आदेशको माग गर्दै निवेदन दर्ता गर्नुभयो । प्रधानमन्त्री कोइरालाले झण्डै दुई महिनापछि अदालतमा लिखित जवाफ पठाउनुभयो, जसमा "संविधानको धारा १२६ (२) घ मा उल्लेख भएका विषयमा अन्तिम टुङ्गोमा पुगिएको छैन र त्यसबारे कुनै सन्धि-सम्झौता भएकै छैन (बराल र भण्डारी, वि.सं.२०४९, पृ.८-१०)" भनिएको थियो । संसद र सडकसँगै त्यसपछि टनकपुरको मुद्दाले कानुनी लडाईंको समेत रूप लियो ।

०४९ मङ्सिर ३० गते सर्वोच्च अदालतले “टनकपुर बाँधसम्बन्धी सम्झौताअनुसार नेपालले बायाँ एफ्लक्स बाँधको लागि जग्गा उपलब्ध गराइसकेको देखिनाले संविधानको धारा १२६ को उपधारा २ बमोजिम उक्त सम्झौताको अनुमोदन वा समर्थन गराउनेतर्फ कारबाही गर्नु भनी श्री ५ को सरकारको नाममा आदेश” जारी गर्‍यो (बराल र भण्डारी, वि.सं.२०४९, पृ.९६) । सर्वोच्च अदालतको फैसलापछि पनि सरकारले प्राध्यापक लोकराज बरालको नेतृत्वमा एउटा आयोग बनायो। आयोगले तत्कालीन संविधानको धारा १२६(२) को प्रतिबन्धित वाक्यांशको “...राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताहरूको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुनसक्नेछ (कानुन किताब, २०५९, पृ.९६-९७)” भन्ने हरफमात्र उल्लेख गर्दै निष्कर्ष प्रस्तुत गर्‍यो। टनकपुर सन्धि तल्लो सदन प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुन सक्ने त्यो निष्कर्ष सरकारका लागि अनुकूल थियो। तर प्रतिपक्षको त्यसमा सहमति थिएन।

विषयमा अझ प्रस्ट हुन महासचिव भण्डारीले ०४९ साल पुसको तेस्रो साता टनकपुर ब्यारेज क्षेत्रको आफैंले अवलोकनसमेत गर्नुभयो । उहाँले काठमाडौंबाटै पत्रकारहरू राजेन्द्र गौतम, किशोर श्रेष्ठ, सुजीव बज्राचार्य र सुवास देवकोटालाई लिएर जानुभएको थियो। त्यसबेला ‘नेपालीपत्र साप्ताहिक’ मा रिपोर्टिङ गर्ने सुवास देवकोटा (देवकोटा एस., व्यक्तिगत सम्वाद, २०७७ जेठ ३१ गते) ले सम्झिनु भएअनुसार एमालेको पाँचौ महाधिवेशनको अन्तिम तयारी भइरहेको समयमा उहाँ नारायणघाट कोहलपुर हुँदै महेन्द्रनगर पुग्नु भएको थियो। एमालेको त्यसबेलाका महाकाली अञ्चल इञ्चार्ज विष्णु पौडेलसहित प्रेमसिंह धामी,ऋषिराज लुम्साली, उर्वादत्त पन्तका साथ पत्रकारहरूसँगै उहाँले टनकपुरको स्थलगत अवलोकन गर्नुभएको थियो । बाँधको देब्रे तटबन्ध नेपाली भूभागमा परेको आफ्नै आँखाले देखेपछि उहाँले त्यससम्बन्धमा थप धारणा बनाउनु भएको थियो । त्यसबेला महेन्द्रनगरको आमसभामा उहाँले टनकपुर सन्धिका प्रसङ्गमा विरोध जनाउँदै भन्नुभएको थियो, “यदि भारतीय सरकारले हाम्रो सरकारको राष्ट्रहितविरोधी कार्यको संरक्षण गर्छ भने हामीले यहाँको सरकारलाई प्रहार गर्दा उसलाई पनि चोट लाग्नसक्छ ।” ०४९ पुस २१ गते नेकपा (एमाले), संयुक्त जनमोर्चा,

मसाल र नेमकिपालगायतका चार वामपन्थी दलले महेन्द्रनगरमा संयुक्त रूपमा आयोजना गरेको आमसभामा उहाँले भन्नुभभएको थियो, "टनकपुरको मामिलामा गिरिजाप्रसादले अपराध गरेका छन् । तसर्थ टनकपुर सन्धि गरेर राष्ट्रघातको पोखरीमा डुबेका गिरिजालाई सबै वर्ग र तहका जनताले एकमुष्ठ प्रहार गर्नुहोस् र त्यहीँ डुबाइदिनोस् । किनकि कुकुरलाई पानीमा डुबेकै बेला लाठी बर्साउनुपर्छ, किनारमा निस्केपछि फेरि टोक्नसक्छ" (वामपन्थीहरूको आह्वानमा, २०४९) । सीमावर्ती भारतको दैनिक 'अमरउजाला' ले भोलिपल्ट उहाँको भनाइलाई मुखपृष्ठमा छापेको देवकोटा स्मरण गर्नुहुन्छ ।

नेपाली काङ्ग्रेसभित्र कोही देशभक्त छ भने गिरिजाप्रसादसँगै सती नजाउन् र बेलैमा सङ्घर्षको मैदानमा आउन् भन्ने आह्वान गर्दै उहाँले भन्नुभयो, "टाइम्स अफ इण्डियाले आफ्नो सम्पादकीयमा टनकपुरको अदालती फैसलालाई काङ्ग्रेसको जीत र वामपन्थीको हार भनी अपव्याख्या गरे पनि हामी कुनै भारतविरोधी होइनौँ ("वामपन्थीहरूको आह्वानमा," २०४९) ।

०४९ फागुन २५ गते नेपाली काङ्ग्रेसका सर्वमान्य नेता गणेशमान सिंहले समेत टनकपुर सन्धिलाई साधारण बहुमतबाट अनुमोदन नगर्न काङ्ग्रेसका सांसदहरूलाई आह्वान गर्नुभयो । त्यस दिन यही विषयमा छलफल गर्न प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरिएको नेपाली काङ्ग्रेस संसदीय दलको बैठकमा उहाँ जानुभएन । तर उहाँले आफू अनुपस्थित हुने निर्णयको औचित्य सावित गर्दै सभापति कृष्णप्रसाद भट्टराईलाई सम्बोधन गर्दै लेखिएको पत्रमा आफ्नो अडान सार्वजनिक रूपमा राख्नुभयो । उहाँको भनाइ थियो, "टनकपुर प्रकरणमा प्रतिनिधिसभाको साधारण बहुमतमा जानु भनेको मृत्युपत्रमा सहीछाप गर्नु हो । मलाई त्यसमा सही गर्न मेरो अन्तर्आत्माले रोकेको छ, कृपया मलाई आफ्नो अन्तर्आत्माविरुद्ध जान विवश नतुल्याउनु होस् ।" उहाँले भट्टराईलाई सम्बोधन गर्दै लेख्नुभएको थियो, "राष्ट्रिय सहमति टनकपुर समस्याका निम्तिमात्र होइन, संसदीय व्यवस्था र प्रजातान्त्रिक जीवन-मृत्युका लागि समेत अपरिहार्य छ" (सिंह, २०४९) । त्यस सन्धिलाई साधारण बहुमतबाट पारित गर्नु भनेको मृत्युपत्रमा हस्ताक्षर गर्नु हो भन्ने व्यहोराको सिंहको उक्त पत्र त्यसबेला 'लेटर

बम' का नामले चर्चित थियो । त्यस वक्तव्यपछि काङ्ग्रेस सांसदहरू झन विभाजित हुन पुगे ।

त्यस्तो जटिल परिस्थितिमा पनि सरकारले टनकपुर सन्धिलाई सामान्य बहुमतबाट अनुमोदन गराउन प्रतिनिधिसभामा प्रस्तुत गऱ्यो । त्यही सन्दर्भमा ०४९ साल चैत्र २४ गते नेकपा (एमाले) का महासचिव मदन भण्डारीले प्रतिनिधिसभामा दिनुभएको टनकपुर परियोजनासम्बन्धी वक्तव्यलाई आज पनि राष्ट्रियहितका मामिलामा सुस्पष्ट मार्गदर्शन ठान्न सकिन्छ । टनकपुर जलविद्युत परियोजना दीर्घकालीन महत्वको भएकोले त्यस विषयमा दुवै सदनको संयुक्त बैठकमा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै उहाँले त्यस दिन प्रतिनिधिसभामा विचारोत्तेजक मन्तव्य प्रस्तुत गर्नुभएको थियो । उहाँले यसरी मन्तव्यको सुरुआत गर्नुभएको थियो :

> अहिले भर्खरै माननीय जलस्रोत राज्यमन्त्रीले टनकपुर परियोजनासम्बन्धी सम्झौताको जुन प्रस्ताव प्रस्तुत गर्नुभयो, हाम्रो दलका तर्फबाट, प्रतिपक्षको तर्फबाट त्यो सम्झौताको बारेमा त्यो प्रस्तावको बारेमा त्यसमा भएका विषय वस्तुहरूका बारेमा हाम्रो आपत्ति र विरोध जनाउँदछु। त्यो प्रस्तावलाई प्रतिनिधिसभामा प्रस्तुत गर्नु संविधानसम्मत हुँदैन । नियम कानुनसम्मत हुँदैन । त्यसलाई यहाँ प्रस्तुत गर्न खोज्नु संविधान र नियम कानुनको उल्लङ्घन गर्न खोज्नु हो । त्यसो हुँदा त्यसलाई यहाँ प्रस्तुत नगरियोस् । त्यसलाई यहाँ छलफलका लागि प्रस्तुत नगरियोस् भन्नको निम्ति आफ्नो प्रतिवाद गर्दै यस बारेमा म एक दुई शब्द भन्न चाहन्छु (भण्डारी, प्रतिनिधिसभा, चौथो अधिवेशन, कार्यवाहीको सम्पूर्ण विवरण, चैत्र २४, २०४९, मङ्गलबार, बैठक ३३)
>
> उहाँले भन्नुभएको थियो, "नेपालको संविधान २०४७ को १२६ को उपधारा (४) मा नेपालको प्रादेशिक अखण्डतामाथि असर पार्ने खालको कुनै पनि काम सिङ्गै संसदले एकमतले पनि गर्न सक्दैन, सर्वसम्मत भएर पनि गर्न सक्दैन ।" तर जब हामी टनकपुर परियोजनासम्बन्धी

> सम्झौताको बारेमा छलफल गर्छौं भन्दै उहाँले थप्नुभयो, “जब हामी त्यस बारेमा मूल्याङ्कन गरिरहेका हुन्छौँ, त्यस बेला स्वाभाविक रुपले यो प्रश्न पनि उठ्न सक्दछ कि वास्तवमा २०४८ साल मङ्सिर १९ देखि २५ सम्म प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाजीले भारत भ्रमण गर्नु हुँदा गर्नुभएको जुन सम्झौता हो, त्यो टनकपुर सम्झौता हो । टनकपुर सम्झौताको मस्यौदामा उल्लेख गरिएका जे विषयवस्तुहरू छन् तिनलाई हेर्दा के वास्तवमा त्यसले हाम्रो प्रादेशिक अखण्डतालाई उल्लङ्घन गरेको छ भन्ने तर्क उपस्थित गर्न सकिन्न ?” उहाँले अझै स्पष्ट गर्दै भन्नुभएको थियो, “सदनमा जलस्रोत मन्त्रीले केही पक्षलाई प्रस्तुत गर्नुभएको र नेपालले टनकपुर परियोजनासम्बन्धी बाँध निर्माण गर्नको निम्ति नेपालको भूमि उपलब्ध गराएको छ । भूमि उपलब्ध गराउने अधिकार, भूमि त्यस ढङ्गले दिने अधिकार संविधानले बहुमत प्राप्त भएको सरकारलाई या बहुमत प्राप्त दललाई दिएको छ कि छैन ? हामी संविधानको प्रावधानलाई हेरेर, सम्बन्धित ऐन कानुनलाई हेरेर अरू कुनै नियमावलीलाई हेरेर पनि भन्न सक्छौँ । मुलुकको कुनै पनि त्यस्तो व्यक्ति वा निकाय छैन जसले यो मुलुकको २.९ हेक्टर मात्रै होइन १ इन्च जमिन मात्रै पनि कुनै अर्को विदेशी राष्ट्रलाई दिन पाउँदैन । त्यस ढङ्गले दिने कुनै प्रावधान छैन ।” (भण्डारी, प्रतिनिधिसभा, चौथो अधिवेशन, कार्यवाहीको सम्पूर्ण विवरण, चैत्र २४, २०४९, मङ्गलबार, बैठक ३३)

उहाँले सर्वोच्च अदालतको फैसला कानुनसम्मत ढङ्गले कार्यान्वयन गर्न माग गर्नुभयो । संविधानको धारा १२६ (२) (घ) र नेपाल सन्धि ऐन, ०४७ को उल्लेख गर्दै उहाँले टनकपुर सन्धिले समेटेको विषय दीर्घकालीन प्रकृतिको भएको प्रमाणित गर्न अकाट्य तर्कहरू प्रस्तुत गर्नुभएको थियो । नेपालको तत्कालीन संविधानको धारा १२६ (१) मा नेपाल अधिराज्य वा श्री ५ को सरकारपक्ष हुने सन्धि वा सम्झौताहरूको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारित भएबमोजिम हुनेछ भनिएको थियो । उपधारा २ (घ) मा प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँटफाँट विषयका सन्धि वा सम्झौताहरूको अनुमोदन,

सम्मिलन, स्वीकृति वा समर्थन संसदको दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाइ बहुमतले गर्नुपर्ने प्रस्ट व्यवस्था गरिएको थियो। भण्डारीले टनकपुर परियोजनासम्बन्धी सम्झौतामा आफ्नो देशको भूभाग भारतलाई दिइएको बताउँदै भन्नुभएको थियो, "म संविधानको धारा १२६ को उपधारा (३) तर्फ ध्यान आर्कषण गर्न चाहन्छु। १२६ को उपधारा (३) मा के उल्लेख गरिएको छ भने कुनै पनि सन्धि-सम्झौताहरू यदि संसदले अनुमोदन गर्नुपर्ने सन्धि-सम्झौताहरू छन् भने संसदले अनुमोदन नगरुन्जेलसम्म नेपालको हकमा त्यो लागु भएको मानिने छैन ।" उहाँले टनकपुर परियोजनाका सम्बन्धमा ०४८ साल मङ्सिर १९ गते (तद्अनुसार डिसेम्बर ५, १९९१) जुन सम्झौता भयो त्यो सम्झौताको लिखतको पहिलो प्याराग्राफमै त्यस सम्झौतालाई त्यही मङ्सिर २९ गतेदेखि कार्यान्वयन गर्ने गरी यो सम्झौता गरिन्छ भनेर उल्लेख भएको पनि स्पष्ट गर्नुभएको थियो । भण्डारीले संविधानको उल्लङ्घन गर्ने अधिकार बहुमत प्राप्त गरेको दललाई छ कि छैन ? भन्ने प्रतिप्रश्न गर्दै भन्नुभभएको थियो, "संविधानको सर्वोच्चता अर्थात संवैधानिक राजतन्त्र, राजतन्त्र पनि संविधानभन्दा माथि हुन पाउँदैन भन्ने यो संविधान बहाल भइसकेपछि कुनै पनि एउटा व्यक्ति वा निकाय कसैले पनि संविधानभन्दा माथि रहेर वा संविधानका धाराहरूलाई उल्लङ्घन गरेर काम गर्न सक्दैन ।' उहाँको जोड थियो, "यो टनकपुर परियोजनासम्बन्धी सम्झौता स्वाभाविक रूपले संसदले अनुमोदन गर्नुपर्थ्यो । त्यो संसदमा प्रस्तुत गर्नु अगावै, संसदलाई जानकारी दिनु अगावै संसदले अनुमोदन गर्नु अगावै अझ जुन बेला सन्धि गरिँदैथ्यो, जुनबेला त्यसको ड्राफ्ट तयार हुँदैथ्यो, त्यसबेला नै वास्तवमा दश दिनभित्रमै या मङ्सिर १९ गते त्यो सम्झौता गरेर मङ्सिर २९ गतेदेखि लागु गर्ने भनेर सम्झौता गरियो । यो संविधानको घोर उल्लङ्घन हो ।"उहाँले प्रतिप्रश्न गर्दै भन्नुभएको थियो, "यस्तो संविधानको उल्लङ्घन भएको कुराप्रति यस सदनले, यस मुलुकले गम्भीरतापूर्वक लिने कि नलिने ? उहाँले भन्नुभयो, "हामी यस कुरालाई अत्यन्त गम्भीरताका साथ लिनुपर्दछ भन्ने ठान्छौँ ।"

"स्वाभाविक रूपले टनकपुर परियोजनासम्बन्धी सन्धि भइसकेपछि यस सदनलाई थाहा छ यो भन्दा अगाडि पनि दुइटा वा त्यो भन्दा बढी सेसनको अवधिभरि

राष्ट्रले यसबारेमा चर्चा-परिचर्चा गरेको" उल्लेख गर्दै उहाँले त्यस दिन संसदलाई प्रस्ट पार्नुभ भएको थियो :

> सबै सन्धि-सम्झौताहरू संसदमा प्रस्तुत गरिनुपर्दछ र टनकपुरसम्बन्धी जुन सम्झौता हो त्यो सम्झौता सदनमा प्रस्तुत गर्नुपर्ने र सदनद्वारा अनुमोदन गरिनुपर्ने सम्झौता हो भनेर हामीले प्रतिपक्षको तर्फबाट यही सदनमा र यो भन्दा अगाडिका सेसनमा पनि दृढतापूर्वक उठाएका छौँ । तर सत्तापक्षबाट लगातार यस कुरालाई बेवास्ता गर्दै, लगातार यस कुरालाई अस्वीकार गर्दै यो कुनै सन्धि भएकै छैन, सन्धि भएकै होइन भनेर मुलुकलाई एक वर्षसम्म लगातार गुमराहमा राख्ने, ढाँट्ने काम भयो । हामीलाई सम्झना छ, त्यसबेला सरकारले टनकपुरसम्बन्धी सन्धि-सम्झौताको सम्बन्धमा चर्चा गर्दा वास्तवमा टनकपुर परियोजनामा महाकाली नदीको जुन ठाउँमा टनकपुर परियोजना बनेको छ, त्यो भारतीय नदी हो र त्यस ठाउँमा नेपालको अधिकार छैन भन्ने जिम्मेवार मन्त्रीहरूले, सत्तापक्षका जिम्मेवार माननीयहरूले त्यो कुरा राख्नु भएको थियो । त्यतिमात्रै होइन, स्वाभाविक रूपले त्यसको जुन अभिन्न अङ्गको रूपमा रहेको बायाँ तटबन्ध हो त्यो त बायाँ तटबन्धमा प्रयोग भएको नेपाली भू-भाग, त्यो टनकपुर परियोजनाको अभिन्न अङ्गको रूपमा होइन, त्यो त केवल नेपालतर्फ आउने बाढीलाई रोक्नका निम्ति मात्रै प्रयोग भएको हो भनेर श्री ५ को सरकारले उल्लेख गरेको थियो । त्यस ढङ्गले जिम्मेवार मन्त्रीहरूले राख्नुभएको थियो । प्राकृतिक स्रोतको उपयोगको बाँटफाँट भएको छैन, त्यसबाट मुलुकको कुनै अहित भएको छैन बरु भारतले शुभेच्छा स्वरुप पानी र बिजुली नेपाललाई प्रदान गरेको छ भन्ने कुरा सत्तापक्षबाट उल्लेख गरिएको थियो । श्री ५ को सरकारले गरेका ती कुराहरू गलत छन् । जनतालाई गुमराहमा पार्ने खालका छन्, राष्ट्रको हितलाई हानि पुऱ्याउने खालका छन्, आघात पुऱ्याउने खालका छन्, संविधानलाई मिच्ने खालका छन् भनेर मुलुकमा एक वर्षसम्म लगातार सदनभित्र र बाहिरसमेत चर्चा परिचर्चा चलायौँ । त्यसै सन्दर्भमा राष्ट्रको हितलाई,

> संविधानको मर्यादालाई र ऐन-कानुनको मर्यादालाई पालन गर्नुपर्दछ भन्ने सन्दर्भमा मुलुकले अभियान चलाउँदा धेरै होनहार नागरिकको, धेरै त्यस्ता देशभक्तहरूको जीवन पनि गएको छ। धेरैले बलिदान पनि दिनुपरेको छ। (भण्डारी, प्रतिनिधिसभा, चौथो अधिवेशन, कार्यवाहीको सम्पूर्ण विवरण, चैत्र २४, २०४९, मङ्गलबार, बैठक ३३)

भारतीय सहयोगमा निर्माण गर्न लागिएको परियोजनासम्बन्धी विषयलाई सरकारले एक वर्षसम्म समझदारीमात्र हो भन्दै संसदमा प्रवेश गराएकै थिएन। संसदका त्यसअघिका सत्रहरूमा पनि त्यो विषय उठाइएको थियो। त्यही पृष्ठभूमिमा जननेता भण्डारीले त्यस दिन प्रभावकारी रूपमा सदनलाई बताउनु भएको थियो, "कसरी सन्धि भएकै छैन भनेर संसद र मुलुकलाई एक वर्ष अँध्यारोमा राख्न खोजिएको थियो। कसरी संसदबाट अनुमोदन गर्नुपर्छ भन्ने प्रतिपक्षको मागलाई लत्याइएको थियो। सर्वोच्च अदालतको आदेशपछि सरकारले दीर्घकालीन प्रभाव र असर पार्ने प्रकृतिको होइन, त्यसैले प्रतिनिधिसभाको साधारण बहुमतले अनुमोदन गर्न सकिन्छ भनेर प्रस्तुत गरेको थियो। सरकारले त्यसरी तल्लो सदनको सामान्य बहुमतबाट मात्र त्यसको अनुमोदन गर्न खोजेकोमा पूर्णतः असहमति जनाउँदै उहाँले सरकारद्वारा प्रस्तुत प्रस्तावलाई फिर्ता गरी संयुक्त सदनमा पेश गर्ने व्यवस्था गरियोस्।"

संविधान र विद्यमान नेपाल सन्धि ऐनका प्रावधानहरूसमेत उल्लेख गर्दै उहाँले तत्कालीन सरकारले भारतसँग गरेको टनकपुर सन्धिको चिरफार गर्नुभएको थियो। उहाँले त्यस दिन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०४८ साल मङ्सिर १९ देखि २४ गतेसम्म उहाँका भारतीय समकक्षी पी.भी. नरसिंह रावको निमन्त्रणामा गर्नुभएको भारतको राजकीय भ्रमणका क्रममा टनकपुर परियोजनासम्बन्धी सम्झौता गरे पनि एक वर्षसम्म संसदलाई छल्न खोजिएको तथ्य प्रस्ट रूपमा राख्नुभएको थियो। असीमित वा झण्डै सय वर्षका लागि टनकपुर परियोजनाको देब्रेपट्टिको बाँध निर्माण गर्न नेपालको भूमि अतिक्रमित हुँदा सरकार चुप रहेको समेत उल्लेख गर्नुभएको थियो। टनकपुर परियोजनाको देब्रे तटबन्ध महाकाली नदीको जुन ठाउँमा बनेको छ, त्यो नेपाली भूभाग नै

होइन भनेर समेत भनिएको उल्लेख गर्दै उहाँले टनकपुरबाट विरोध जनाउन राजधानी आइरहेका युवाहरूमाथि कावासोतीमा गोली नै चलाइएको स्मरण गर्नुभएको थियो ।

आफ्नो पार्टीको निरन्तर दवाव र सङ्घर्षको फलस्वरुप भारतीय प्रधानमन्त्री पी.भी.नरसिंह रावले नेपाल भ्रमणमा आउँदा त्यो तटबन्धको जमिनमा नेपालकै सार्वभौमिकता कायम रहने बताएको प्रसङ्ग उल्लेख गर्दै उहाँले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाउनुभएको थियो । टनकपुर सन्धिको ११ महिनापछि, ०४९ कार्तिक ३ गतेदेखि ५ गतेसम्म कोइरालाको निमन्त्रणामा भारतका प्रधानमन्त्री राव नेपालको राजकीय भ्रमणमा आउनुभएको थियो । त्यही बेला संयुक्त विज्ञप्तिमा नेपाली भूमिको सार्वभौमिता नेपालकै हुनेछ भन्ने स्पष्टीकरण थपिएको थियो । भण्डारीका अनुसार यसको सार्वभौमिकता तपाईंकै हो भनेर भारतका प्रधानमन्त्रीले भनिदिनु पर्ने अवस्था नै दुखद् र हानिकारक थियो ।

त्यस दिन उहाँको वक्तव्यको उत्कर्ष पंक्ति थियो, "नेपालको संविधानको धारा १२६, उपधारा ४ ले प्रस्ट पारेको छ, राष्ट्रको भौगोलिक अखण्डतामा असर पार्ने काम सिङ्गै संसदले एकमत वा सर्वसम्मतले पनि गर्न सक्दैन, त्यस्तो काम संसदको एकमतले पनि गर्न पाइँदैन ।" नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२६ (४) मा नेपाल अधिराज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन भन्ने प्रस्ट व्यवस्था गरिएको थियो । आजको समयमा पनि मार्गदर्शन हुने उहाँको कथन थियो, "राष्ट्रको भूमि कुनै बहुमतको सरकार वा दलले कुनै अरू राष्ट्रलाई दिन पाउँदैन ।" देशको भौगोलिक अखण्डताका सम्बन्धमा कति सुस्पष्ट दृष्टिकोण थियो उहाँको, जुन आज पनि उत्तिकै शिक्षाप्रद छ, "कुनै पनि त्यस्तो व्यक्ति वा निकाय छैन, जसले यो मुलुकको २.९ हेक्टर होइन एक इञ्च जमिन पनि कुनै अर्को राष्ट्रलाई दिन पाओस्, कसैले दिन पाउँदैन ।" तर त्यसरी दिन पाइने प्रावधान नै नभए पनि टनकपुर परियोजनामा नेपालको भूमि भारतलाई दिइएको ठोस तथ्य उहाँले संसदमा राख्नुभएको थियो । टनकपुर परियोजनासम्बन्धी सन्धिमा हस्ताक्षर गरिएको पाँच दिनपछि देखि नै लागु गर्ने सर्त राखिएको तथ्य उल्लेख गर्दै उहाँले त्यस प्रक्रियामा

राष्ट्रियहितको उपेक्षा गरिएको सिलसिलाबद्ध रूपमा व्याख्या गर्नुभएको थियो । जसरी हजारौँ मानिसको उपस्थिति भएको आमसभामा उहाँले बोल्न थालेपछि पूरै शान्त हुन्थ्यो, त्यसैगरी सदनले एकाग्र भएर उहाँलाई सुनेको थियो ।

तत्कालीन एमालेको केन्द्रीय सचिवालय (२०५३) ले 'टनकपुर बाँध परियोजनामा भएको राष्ट्रघातका विरुद्धको सङ्घर्षमा' जननेता कमरेड मदनकुमार भण्डारी अग्रपङ्क्तिमा हुनुभएको उल्लेख गरेको थियो। कमरेड भण्डारीले अघि सार्नुभएका अडानहरूमा उभिएर व्याख्या गर्दै राष्ट्रियताको पक्षमा नेकपा (एमाले) ले आन्दोलन अगाडि बढाउँदै गयो र त्यसैक्रममा नेपाली काङ्ग्रेसको सरकार सङ्कटग्रस्त हुँदै गएर मध्यावधि निर्वाचन भएको निष्कर्ष त्यसबेला एमाले सचिवालयको थियो (पृ.६)।

## यसरी सुरु भयो महाकालीको शिरको खोजी

देशभित्रको चौतर्फी विरोधका कारण टनकपुरको समझदारी वा सम्झौता प्रधानमन्त्री कोइरालाको इच्छाबमोजिम अघि बढेको थिएन । एमालेको ०४९ माघमा भएको महाधिवेशनपछिको समयमा घटनाक्रमले नयाँ गति लिने थियो भन्न सकिन्छ । तर ०५० सालको सुरुआतमै दासढुङ्गाामा भएको रहस्यमय सडक दुर्घटनामा कमरेड जीवराज आश्रितसँगै उहाँको अकस्मात देहवसान भएपछि राष्ट्रिय राजनीतिको परिवेश नै खल्बलियो ।

मृत्युको अघिल्लो दिन पोखरामा पार्टीको कास्की जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै उहाँले भन्नुभएको थियो, 'टनकपुरका सवालमा गिरिजाले जवरजस्ती गर्न खोज्दा गणेशमानजीले पत्र लेख्नुभयो, त्यस निम्ति उहाँलाई धन्यवाद दिनैपर्छ (भण्डारी, २०५२, पृ.३६५)।' उहाँले टनकपुर सन्धिमा राष्ट्रहित नभएको दोहोऱ्याउँदै त्यसो भन्नुभएको थियो, जसबाट उहाँको त्यसपछिका दिनको रणनीतिको आकलन गर्न सकिन्थ्यो । उहाँको अवसानको अढाइ वर्षपछि भारतलाई टनकपुरको अड्चन फुकाइदिने उपायसहित ०५२ साल माघ २९ गते नयाँ दिल्लीमा दुई देशका प्रधानमन्त्रीको हस्ताक्षरसहित महाकाली सन्धि सम्पन्न गरियो । त्यसभन्दा करिव दुई साताअघि काठमाडौँमा परराष्ट्र मन्त्रीको तहमा सन्धिलाई अन्तिम रूप

प्रदान गर्दै हस्ताक्षर गरिएको थियो । तर त्यो सन्धिभन्दा अघिको महाकाली नदीमै बनेको उही टनकपुर परियोजनासम्बन्धी नटुङ्गिएको सम्झौताको विरोधकै बिन्दुबाट महाकालीको उद्‌गमको खोजी गर्ने आधार बनेको थियो ।

टनकपुर सन्धि नेपालको संसदबाट पारित नभएपछिको अवस्थामा महाकाली नदी र सीमा अतिक्रमणसम्बन्धी विषयले नेपालमा अधिक महत्व पाउन थाल्यो । त्यही परिवेशमा, ढुङ्गेल र पुन (सन् २०१४) का अनुसार, टनकपुरको विवादग्रस्त मुद्दालाई सुल्झाउन विगतको शारदा ब्यारेज, आजको टनकपुर व्यारेज र भविष्यको पञ्चेश्वर परियोजनालाई समेटेर एकीकृत महाकाली सन्धि गर्ने तयारी गरियो । त्यसरी एकीकृत महाकाली सन्धिको अवधारणाको जन्म भएको थियो (पृ.९) । नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली (फायरसाइड, ०७६)ले गर्नुभएको विगतको स्मरणबाट पनि महाकाली सन्धिको गृहकार्यकै क्रममा त्यस नदीको उद्‌गमको खोजी गर्न थालिएको बुझिन्छ । यस सन्दर्भमा ढुङ्गेल र पुन (सन् २०१४) का अनुसार अन्ततः एमालेले खासमा कालीनदी कुनचाहिँ धार हो र यसको उद्‌गम कहाँ छ भन्ने प्रश्न गरेर शीर्षस्थानमै किलो ठोकेको थियो । त्यसपछि सरकारले भारतीय पक्षबाट नक्सामा देखाइएजस्तो कालापानी तालबाट निस्किएको नदी कालीनदीको उद्‌गम होइन भन्यो । अनि, ०५३ साल भदौ २६ गते, सन्धि अनुमोदन हुनुभन्दा केवल नौ दिनअघि, एमाले महासचिव माधवकुमार नेपाललाई एक पत्रमार्फत प्रधानमन्त्री शेरबहादुर देउवाले सूचित गर्नुभयो - नेपाल र भारतका सरकारहरूले त्यही वर्षको हिउँदमा संयुक्त सर्भे टोली पठाउने निर्णय गरिसकेका छन् । सन् १८१६ को सुगौली सन्धि र अरू नक्सा र अभिलेखहरूका आधारमा टोलीले वैज्ञानिक आधारमा सीमाको रेखाङ्कन गर्नेछ (पृ.१०)।

त्यसअघि, गिरिजाप्रसाद नेतृत्वको सरकारले मध्यावधि निर्वाचनको घोषण गरेको थियो । तर निर्वाचनपश्चात् बनेको नेकपा (एमाले) को अल्पमतको सरकार नौ महिनामै ढलेपछि काङ्ग्रेसका शेरबहादुर देउवाको नेतृत्वमा मधेशकेन्द्रित नेपाल सद्‌भावना पार्टी र पूर्वपञ्चहरूको राष्ट्रिय प्रजातन्त्र पार्टी सम्मिलित संयुक्त सरकार बनेको थियो । टनकपुरमा तोडिएको क्रमलाई त्यसअघिका प्रधानमन्त्री

मनमोहन अधिकारीको भारत भ्रमणका क्रममा ०५१ साल चैत २१ गते महाकाली प्याकेजका रूपमा अघि बढाउने प्रारम्भिक सहमति भएको थियो । तर त्यो सहमति अघि बढेको थिएन । टनकपुरको शृङ्खला देउवाकै पालामा एकीकृत महाकाली सन्धिका नाममा जोडिएको थियो । आजभन्दा पच्चीस वर्षअघि, तत्कालीन नेकपा (एमाले) लाई ठुलो क्षति पुऱ्याउँदै ०५३ साल असोज ४ गते राति संसदका दुवै सदनको संयुक्त बैठकबाट दुई तिहाइ बहुमतका साथ अनुमोदन भएको त्यही महाकाली सन्धिको तयारीका क्रममा महाकालीको उद्गम खोज्दै भारतीय पक्षबाट गरिएको सीमा अतिक्रमणका विषयमा बुझ्ने प्रयत्नको व्यवस्थित सुरुआत भएको थियो ।

ओली (फायरसाइड, ०७६) का अनुसार महकाली नदीको उद्गम नै नक्कली खडा गरेर सीमा अतिक्रमण गरिएको कुरा महाकाली सन्धिको विवाद हुँदा उहाँले नै उठाउनुभयो र उहाँकै संयोजकत्वमा बनेको पार्टीको कार्यदलले लिम्पियाधुराबाट महाकाली नदीको उद्गम हुने रहेछ भन्ने निर्क्योल गरेको थियो । उहाँ पुरानो कुरा सम्झँदै भन्नुहुन्छ - "सन् १९७९-८० देखि भारतले टनकपुरमा बाँध बनाउन थाल्यो, ८९-९० मा पुग्दा बल्ल थाहा भयो । देब्रे एफ्लक्स नेपाली सीमाभित्र बाँधिन थाल्यो भन्ने भएपछि विवाद उठ्यो ।" ओलीले उल्लेख गर्नुभएको त्यस्तो विवाद सुषुप्त रूपमा महासचिव भण्डारी जीवित रहनु हुँदा नै उठेको हो । महाकाली नदी र टनकपुर ब्यारेजको स्वयम्ले अवलोकन गरेपछि झन जोड्दार रूपमा त्यो विषय उठाउन भण्डारीको ध्यान आवश्यक अभिलेखहरूको अध्ययनतर्फ गइरहेको थियो भन्ने अनुमान गर्न सकिन्छ । ओली त्यही प्रसङ्गमा अगाडि भन्नुहुन्छ, "हामीले छानविन गर्दा कालापानीमा भारतीय फौज रहेको कुरा जब थाहा भयो, त्यसपछि लिपुलेक र कालापानीको अतिक्रमण प्रस्ट भयो" (फायरसाइड, ०७६) ।

०५३ साल भदौ ९ गते पार्टीको महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि अध्ययन कार्यदलका संयोजक केपी शर्मा ओलीले जलस्रोत मन्त्रीलाई एक पत्र पठाई महाकाली सन्धिका बारेमा केही प्रश्नहरू दोहोऱ्याएर सोध्नुभएको थियो । जसमध्ये एउटा प्रश्न "महाकाली नदीको उद्गम शाखा कुन हो ?" भन्ने थियो । उहाँले थप प्रश्न गर्नुभएको थियो, "कालीनदी नै उद्गम शाखा

हो तर कालीनदीचाहिँ कुन हो र यसको मुहान कहाँ हो ?" भन्ने हाम्रो थप प्रश्न हो । त्यसको तीन दिनपछि भदौ ११ गते जलस्रोत मन्त्री पशुपति शम्शेरले पठाउनुभएको जवाफमा भनिएकोछ, "भारतीय पक्षबाट नेपाल भारत सिमानाको रूपमा देखाइएको कालापानी ताल भन्ने स्थान कालीनदीको उद्गमस्थल होइन भन्ने कुरामा श्री ५ को सरकारको प्रस्ट धारणा छ" (केन्द्रीय सचिवालय, २०५३, पृ.५०-५३) ।

कालीनदीको उद्गमसम्बन्धी विवादका क्रममा तीन वटा धारणा सार्वजनिक भएका छन् - पहिलो, लिम्पियाधुराबाट निस्किएको कालीनदी, दोस्रो लिपुलेकबाट बहने नदी र तेस्रो लिपुलेकको कालापनीबाट पूर्वपट्टिको कालीतालबाट बग्ने धार । तर ऐतिहासिक प्रमाण र पानीको परिमाणले पनि कालीनदीको उद्गम लिम्पियाधुरा नै हो भन्ने पुष्टि हुन्छ भन्ने विषयमा नेपालमा मतैक्य रहेको छ । श्रेष्ठ (२०५७) ले पनि लिम्पियाधुरालाई नै कालीनदीको मुहान ठहऱ्याएका छन् । उनको भनाइमा ०४६ सालपछि कालापानी क्षेत्रको अतिक्रमणबारे सार्वजनिक जानकारी बढ्न थाल्यो । त्यसपछि ०५३ सालदेखि बृहत् रूपमा देशका कुनाकाप्चामा समेत यससम्बन्धी जानकारी फिँजिन थाल्यो । तर भारतीय पक्षले कालापानीबाट दक्षिणपट्टि काली मन्दिर निर्माण गरी त्यहाँको कृत्रिम पोखरीबाट निस्किने खहरेलाई महाकाली बताउँदै पहिले नेपालकै भूभाग भनेर चिनिएका कालापानी, तुल्सिन्युराङ, नावीडाङ, गुञ्जी, कुटी, नाभीजस्ता वस्तीहरूमा समेत अधिपत्य जमाएको छ (पृ.२४३) । ती भूमागमा भारतीय उपस्थितिप्रति नेपालले असहमति जनाउँदै आएको थियो । ०७६ साल कार्त्तिक १६ गते भारतले ती नेपाली भूभागलाई समावेश गर्दै एकपक्षीय रूपमा आफ्नो नयाँ राजनीतिक नक्सा जारी गऱ्यो । त्यसको छ महिनापछि विश्वव्यापी महामारी कोभिड-१९ को प्रकोपकै बीच भारतीय रक्षामन्त्रीले कालापानीभन्दा माथि नेपाली भूभाग लिपुलेकमा बनाइएको बाटोको भर्चुअल उद्घाटन गरे । वर्षौंदेखि नेपालले शान्त कूटनीतिको बाटोबाट भारतलाई नेपाली भूभागबाट फिर्ता हुन सहमत गराउने प्रयास गर्दै आएको थियो । तर मूलतः उल्लेखित दुई घटनाका कारण नेपाल अन्ततः नयाँ नक्सामार्फत संसारले थाहा पाउने गरी ती भूभागमाथिको स्वामित्वमा दावी गर्दै भारतीय अतिक्रमणविरुद्ध सशक्त असहमति सार्वजनिक गर्न बाध्य भयो ।

## मार्गदर्शक मदन र उहाँको सोच

०५१ कार्तिक २९ गते, मध्यावधि निर्वाचन सम्पन्न भएको थियो, सम्पूर्ण मतगणना सकिएकै साता 'न्युयोर्क टाइम्स' का पत्रकारहरू नेकपा (एमाले) का तत्कालीन महासचिव माधवकुमार नेपालसँग भेट्न बडो कौतूहलताका साथ अनेक प्रश्नहरूको सूचीसहित पार्टीको बागबजारस्थित कार्यालयमा पुगे । काङ्ग्रेसको एकमना सरकार असमयमै ढलेपछि भएको मध्यावधि निर्वाचनमा २०५ जनाको प्रतिनिधिसभामा ८६ स्थानमा जितेर एमाले सबैभन्दा ठुलो दल हुनपुगेको थियो । स्वाभाविक रूपमा सरकारको दावेदार । 'न्युयोर्क टाइम्स' को समाचार फिचरमा त्यो परिवेशलाई जीवन्त रूपमा उतार्ने प्रयासका साथ वयान गरिएको थियो "के कम्युनिज्मको अवसान भएको हो ? कम्युनिज्म मरेको छैन ?" आनन्दमय मनस्थितिमा नेपालले बागबजारस्थित कार्यालयको तेस्रो तल्लामा चुनावी धपेडीपछिको होलो वातावरणबीच भने, "युरोपमा मार्क्सवाद-लेनिनवाद मरेको छ कि छैन मलाई थाहा छैन । तर यहाँ नेपालमा यो जनताको 'आइडियोलोजी' हो ।"

त्यसवेला महासचिव नेपालको अझ रवाफिलो उत्तरका साथ समाचार-कथालाई टुङ्ग्याइएको थियो । उहाँले भन्नुभएको थियो, "हामीले मार्क्स,लेनिन वा माओका शब्दहरू लिनै पर्दैन ।" उहाँका अनुसार, "नेपालका नेताहरू हामी नै हौँ र हामीलाई थाहा छ सर्वोत्तम के हो ।" उहाँ पत्रकारलाई नै प्रतिप्रश्न गर्नुहुन्छ, "मस्कोमा पानी पर्दा हामीले छाता किन ओढ्ने ?" (बर्न्स, १९९४, पृ.६)

पार्टी प्रमुखका हैसियतले आफूलाई त्यसरी अभिव्यक्त गर्ने उहाँको आत्मविश्वासको स्रोत दिवङ्गत कमरेड मदन भण्डारीको वैचारिक विरासत नै थियो । जननेता मदन भण्डारीको रहस्यमय र असामयिक अवसान भएको डेढ वर्षपछि, ०५१ सालमा भएको आमनिर्वाचनको त्यो परिणाम पनि उहाँकै प्रस्ट मार्गदर्शनकै कारणले आएको थियो । उहाँले अघि सार्नुभएको र केवल दुई वर्षअघि पार्टीको पाँचौँ महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादकै कारण त्यो सफलता मिलेको थियो । नेपाली कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरण गर्ने श्रेय उहाँलाई नै जान्छ । यस विषयमा धेरै लेखिएका छन्, छयालीस सालको जनआन्दोलनमा तत्कालीन नेकपा (माले) ले निर्वाह गरेको भूमिका र जनआन्दोलनको

सफलतापश्चात् उहाँकै पहलकदमीमा संविधानवाद र वहुलवादका दिशामा भएका प्रयत्नहरूका बारेमा निकै चर्चा गरिएका छन् । साथै, प्रगतिशील सोच र चमत्कारिक व्यक्तित्वजस्तै उहाँको सार्वजनिक छवि एक राष्ट्रभक्त राजनेताको रूपमा पनि स्थापित छ । नेपालको राष्ट्रहितलाई प्राथमिकतामा नराखी भारतसँग गरिएको टनकपुर जलविद्युत आयोजनाका सम्बन्धमा उहाँले प्रस्तुत गर्नुभएको अविचलित अडानले नेकपा (एमाले) लाई आजसम्म पनि मार्गदर्शन गरेको छ ।

प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकबाट महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि अनुमोदित भएलगत्तैको केन्द्रीय कमिटीको बैठकबाट एमालेले अठोट गऱ्यो, “महाकाली नदीबाट नेपालको जायज हक कायम गराउन नेपाल र भारत सरकारले गरेको प्रतिवद्धतामा शिथिलता आउन नदिन र महाकालीबारे जनचेतना र जनदवाव निर्माण गर्न पार्टी पङ्क्तिको एकताबद्ध भइ नेतृत्व गर्ने (लुम्साली, २०५३)।” शीर्षस्थानमा सूर्य चिन्हभित्र जननेता भण्डारीको तस्विर अङ्कित पुस्तकमा लुम्साली (२०५३) लेख्नुहुन्छ, “पार्टीको त्यो निर्णयले राष्ट्रियताको झण्डालाई दरिलो गरी समात्ने जननेता कमरेड भण्डारीको प्रेरणाबाट प्रेरित हुनेहरूलाई थप ऊर्जा प्रदान गरेको थियो ।” लुम्साली (२०५३) ले महाकाली सन्धि भएलगत्तै महाकाली नदीबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिको लागि सङ्घर्ष गरौं भन्दै भारतले लिम्पियाधुराबाट आउने काली नदीलाई सीमा नदी नमानी लिपुलेक भञ्ज्याङतर्फबाट आउने नदीलाई नेपाल भारतसीमा चिन्हित गरेकामा अपत्ति जनाउनुभएको छ । त्यसरी उहाँले त्यहीबेला भारतले नाभी, कुटी र गुञ्जी गाउँलगायतका क्षेत्रको भूमिलाई विनाप्रमाण भारतीय भूमिका रूपमा देखाउने एकतर्फी फैसला गरेको तथ्य औँल्याउनु भएको थियो । उहाँले त्यही समयमा आफैंले पहिले मानेको तथ्यलाई आफैंले खण्डन गर्दै भारतीय पक्षले कालापानी क्षेत्रको सानो र कृत्रिम पोखरीबाट आउने खोल्सीलाई कालीनदी हो भन्दै काली मन्दिर निर्माण गरेको विषयमा समेत राष्ट्रको ध्यानाकर्षण गराउनुभयो (पृ.२१) । वस्तुतः एमाले पङ्क्तिमा यसरी महाकालीको उद्गमका बारेमा निरन्तर प्रश्न उठाइरहने प्रेरणाको स्रोत स्वर्गीय भण्डारी नै हुनुहुन्छ ।

०५० साल जेठ १५ गते, नेकपा (एमाले)ले राष्ट्रहितको रक्षा र सम्वर्द्धन निम्ति उहाँले अभिव्यक्त गर्नुभएका विचार र उहाँका कार्यहरूको सम्झना गर्दै जननेता भण्डारीप्रति एक वक्तव्यमार्फत हार्दिक श्रद्धाञ्जलि अर्पण गरेको थियो । शोकको त्यस घडीमा एमालेले भनेको थियो, "देशले एउटा महान् चिन्तक र देशभक्त सपूत गुमाएको छ" (पृ.१९) । ती देशभक्त सपूत आज भौतिक रूपमा हुनुहुन्न, तर उहाँका आदर्श, अडान र अभ्यासले राष्ट्रहितको जगेर्ना गर्ने सर्न्दभमा देशलाई मार्गदर्शन गरिरहेका छन् । मुलुकको एक इञ्च जमिन पनि कुनै अर्को राष्ट्रलाई कसैले दिन पाउँदैन भन्ने उहाँको संसद र सडकमा गुञ्जिएको स्वर नेपालका हरेक नागरिकका लागि प्रेरणाको स्रोत हो ।

**सन्दर्भ सामग्री :**


- कानुन किताब व्यवस्था समिति (२०५९) । *नेपाल अधिराज्यको संविधान ।* काठमाडौं : श्री कानुन किताब व्यवस्था समिति ।
- केन्द्रीय सचिवालय, नेकपा (एमाले) (२०५३) । *महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि : भ्रम र वास्तविकता ।* मदननगर: नेकपा (एमाले) ।
- देवकोटा एस.(व्यक्तिगत सम्वाद, २०७७ जेठ ३१ गते), काठमाडौं ।
- ठगुन्ना, जी.(व्यक्तिगत सम्वाद, २०७७ जेठ ३१ गते), काठमाडौं ।
- ढुङ्गेल, डि.एन. र एस.बी. पुन (२०१४) । *नेपाल-इण्डिया रिलेसन्स: टेरेटेरियल/बोर्डर इस्यु विथ स्पेसिफिक रिफरेन्स टु महाकाली रिभर ।* न्युदेल्ही : फरेन पोलिसी रिर्सच सेन्टर ।
- प्रतिनिधिसभा । ०७७ साल जेठ ३१ गते । *मा.गणेश सिंह ठगुन्ना-नेपालको संविधान (दोश्रो संशोधन) विधेयक, २०७७ माथिको दफावार छलफल ।* [https://hr.parliament.gov.np/np/video/4690]
- पोखरेल, ईश्वर, सम्पा. (२०५०) । *मदन-आश्रित श्रद्धाञ्जलि स्मारिका ।* वल्खु: नेकपा (एमाले) ।

- फायरसाइड (२०७६ मङ्सिर ९ गते) । केपी शर्मा ओली (प्राइम मिनिष्टर अफ नेपाल) । [https://www.youtube.com/watch?v=-eAT4i8WWk8]
- बर्न्स, जे.एफ.(१९९४, नोभ २१) । नेपाल भोट्स कम्युनिष्ट, वट फिऊ सिम वरिड । *न्युयोर्क टाइम्स,* पृ.६ ।
- बराल, डी.र भण्डारी, इआर (२०४९) । *टनकपुर : सुरुदेखि अन्त्यसम्म ।* काठमाडौं : पैरवी ।
- भण्डारी, मदनकुमार (२०४९, चैत्र २४), प्रतिनिधिसभा
- मिश्र, विनोद (२०५१) । हिमालयभन्दा पनि गह्रौं मृत्यु । *जननेता भण्डारी,* सम्पा. सुवोधराज प्याकुरेल, कुन्दन अर्याल र नरनाथ लुईंटेल । काठमाडौं: स्वयम् ।
- लिटविन, एम ( १९९३, मे १६)। इन नेपाल कार्ल मार्क्स लिभ्स । *न्युजविक,* पृ.५८ ।
- लुम्साली, आर.आर (२०५३)। *महाकाली नदीबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिको लागि सङ्घर्ष गरौं ।* काठमाडौं : स्वयम् ।
- वीरबहादुर ठगुन्ना (२०७७ जेठ ३१ गते)। प्रतिनिधिसभाबाट नयाँ नक्सासहितको निसाना छाप पारित भएपछि [https://www.facebook.com/birbahadur.thagunna]
- वामपन्थीहरूको आह्वानमा महेन्द्रनगरमा महाकुम्भ झैं । (२०४९, पुस २४) । *साप्ताहिक वार्ता,* पृ.१ ।
- श्रेष्ठ, बी. एन. (२०५७) । *नेपालको सिमाना ।* काठमाडौं : भूमिचित्र कम्पनी प्रालि ।
- सिंह, गणेशमान (२०४९ फागुन २५), नेपाली काङ्ग्रेसका सभापति कृष्णप्रसाद भट्टराईलाई सम्बोधन गर्दै लेखिएको पत्र ।



प्रतिनिधिसभाको चौथो अधिवेशनको ३३औं बैठकमा **टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि दुवै सदनको संयुक्त बैठकको क्षेत्राधिकारको विषय भएकोले प्रतिनिधिसभामा छलफल नगरियोस्** भन्ने विषयमा जननेता मदन कुमार भण्डारीद्वारा प्रस्तुत बिचार (चैत्र २४, २०४९)

सम्माननीय सभामुख महोदय,

आज चैत्र २४ गते हो । विशेष सम्झनाको यो चैत्र १४ को सन्दर्भा एक मिनेट म केही कुराहरु भन्नको निम्ति अनुमति चाहन्छु । २०४६ साल चैत्र २४ गते निर्दलीय पंचायती व्यवस्थाको विरुद्ध जुन संयुक्त राष्ट्रिय जनआन्दोलन भयो, त्यसको सर्वोच्च उभारको दिन हो । र, सबैभन्दा धेरै आन्दोलनकारीहरुले शहादत प्राप्त गरेको दिन हो । त्यसअघिपछि पनि आन्दोलनमा शहादत प्राप्त गर्ने धेरै आदरणीय शहिदहरु हुनुहुन्छ, जसको रगत पसिनाले यो व्यवस्था, यो संविधान र यी हक अधिकारहरु हामीहरु उपलब्ध भएका छन् । आजको यस विशेष अवसरमा म उहाँहरु सबैलाई हाम्रो दलको तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

सभामुख महोदय,

यो संयोगको कुरा हो, कि आज चैत्र २४ गते कै दिन हामी संविधानको सर्वाधिक महत्वपूर्ण प्रावधानसँग सम्बन्धित सवालमा श्री ५ को सरकारले गरेका काम-क्रियाकलापहरुमाथि टिप्पणी गर्न र तिनीहरु संविधानसम्मत छन् कि छैनन् ? नियम, कानूनसम्मत छन् कि छैनन् ? राष्ट्रको हितलाई तिनीहरुले प्रतिनिधित्व गर्छन् कि गर्दैनन् अथवा तिनीहरुले राष्ट्रको अहित गरेका छन् कि छैनन् ? भन्ने कुरा अभिव्यक्त गर्नका निम्ति यो सेशनमा यो अवसरमा चर्चा गरिरहेका छौं ।

सभामुख महोदय,

अहिले भर्खरै माननीय जलस्रोत राज्यमन्त्रीले टनकपुर परियोजनासम्बन्धी सम्झौताको जुन प्रस्ताव प्रस्तुत गर्नुभयो, त्यस सम्बन्धमा हामी हाम्रो दलको तर्फबाट, प्रतिपक्षको तर्फबाट, त्यो सम्झौताको बारेमा, त्यो प्रस्तावको बारेमा, त्यसमा भएका विषयवस्तुहरुको बारेमा हाम्रो आपत्ति र हाम्रो बिरोध र यो प्रस्तावलाई प्रतिनिधिसभामा प्रस्तुत गर्नु संविधानसम्मत हुँदैन, नियम-कानूनसम्मत हुँदैन । र, यसलाई यहाँ प्रस्तुत गर्ने र छलफल गर्ने कुरा संविधान र नियम-कानूनको उल्लंघन गर्ने कुरा हो । त्यसो हुँदा यसलाई यहाँ प्रस्तुत नगरियोस्, यसलाई यहाँ छलफल नगरियोस् भन्नको निम्ति आफ्नो प्रतिवादको बारेमा म एक-दुई शब्द अगाडि राख्न चाहन्छु ।

सभामुख महोदय,

हामीलाई सम्भना छ, हामीलाई थाहा छ - नेपालको संविधान २०४७ को १२६ को उपधारा (४) मा नेपालको प्रादेशिक अखण्डतामाथि असर पार्नेखालको कुनै पनि काम सिङ्गै संसदले एक मतले पनि गर्न सक्दैन, सर्वसम्मत भएर पनि गर्न सक्दैन । तर जब हामी टनकपुर परियोजनासम्बन्धी सम्झौताको बारेमा छलफल गर्छौं, जब हामी त्यसबारेमा मूल्यांकन गरीरहेका हुन्छौँ, त्यसबेला स्वाभाविकरुपले यो प्रश्न पनि उठ्न सक्दछ कि वास्तवमा २०४८ साल मंसिर १९ देखि २५ सम्म प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाजज्यूले भारत भ्रमण गर्नुहुँदा गर्नुभएको जुन टनकपुर सम्झौता हो, त्यो टनकपुर सम्झौताको मस्यौदामा उल्लेख भएका जेजस्ता विषयवस्तुहरु छन्, त्यसलाई हेर्दा के वास्तवमा त्यसले हाम्रो प्रादेशिक अखण्डतालाई उल्लंघन गरेको छ भन्ने तर्क उपस्थित गर्न सकिन्न ? अहिले भर्खरै मन्त्रीज्यूले त्यसका केही उल्लेखित पक्षहरुलाई यहाँ प्रस्तुत गर्नुभयो । र, नेपालले टनकपुर परियोजनासम्बन्धी बाँध निर्माण गर्नको निम्ति नेपालको भूमि उपलब्ध गरायो । भूमि उपलब्ध गराउने अधिकार, भूमि त्यसढंगले दिने अधिकार संविधानले बहुमत प्राप्त भएको सरकारलाई या बहुमत प्राप्त दललाई दिएको छ कि छैन ?

सभामुख महोदय,

हामी संविधानको प्रावधानलाई हेरेर, सम्बन्धित ऐन कानूनहरुलाई हेरेर अरु कुनै नियमावलीलाई हेरेर पनि हामी भन्न सक्छौँ, मुलुकको कुनै पनि त्यस्तो व्यक्ति वा निकाय छैन, जसले यो मुलुकको २.९ हेक्टर मात्रै होइन १ इन्च जमिन मात्रै पनि कुनै अर्को विदेशी राष्ट्रलाई दिन पाउँदैन । र, त्यो ढंगले दिने कुनै प्रावधान छैन । सभामुख महोदय, तर टनकपुर परियोजनासम्बन्धी सम्झौतामा त्यो कुरा गरिएको छ ।

म संविधानको १२६ को उपधारा (३) तर्फ म ध्यान आर्कषण गराउन चाहन्छु । १२६ को उपधारा (३) मा के उल्लेख गरिएको छ भने कुनै पनि सन्धि-सम्झौताहरु, यदि संसदले अनुमोदन गर्नुपर्ने सन्धि-सम्झौताहरु छन् भने संसदले अनुमोदन नगरुन्जेलसम्म नेपालको हकमा त्यो लागू भएको मानिने छैन । टनकपुर

परियोजनासम्बन्धी सम्झौतामा हामी देख्छौं, कि १९९१ डिसेम्बर ५ मा जुन सम्झौता भयो, त्यो सम्झौता गरिरहेकै बेला, टनकपुर सम्बन्धी सम्झौताको पहिलो लिखतमै, पहिलो प्याराग्राफमै यो सम्झौतालाई डिसेम्बर १५ देखि कार्यान्वयन हुने गरी यो सम्झौता गरिन्छ भनेर उल्लेख गरिएको छ ।

सम्माननीय सभामुख महोदय,

संविधानको उल्लंघन गर्ने अधिकार बहुमत प्राप्त गरेको दललाई छ कि छैन ? प्रधानमन्त्रीलाई छ कि छैन? कुनै पनि एउटा त्यस्तो व्यक्ति वा निकायलाई छ कि छैंन? संविधानको सर्वोच्चता अर्थात संवैधानिक राजतन्त्र, राजतन्त्र पनि संविधान भन्दा माथि हुन पाउँदैन भन्ने यो संविधान बहाल भईसकेपछि कुनै पनि एउटा व्यक्ति वा निकाय कसैले पनि संविधान भन्दा माथि रहेर वा संविधानका धाराहरुलाई उल्लंघन गरेर काम गर्न सक्तैन । तर यो टनकपुर परियोजना सम्बन्धी सम्झौतामा, जो स्वाभाविक रुपले संसदले अनुमोदन गर्नुपर्थ्यो, त्यो संसदमा प्रस्तुत गर्नु अगावै, संसदलाई जानकारी दिनु अगावै, संसदले अनुमोदन गर्नु अगावै, अझ, जुन बेला सन्धि गरिदैथ्यो, जुनबेला त्यसको ड्राफ्ट तयार हुँदैथ्यो, त्यसबेला नै वास्तवमा दश दिन भित्रमै या ५ डिसेम्बरमा त्यो सम्झौता गरेर १५ डिसेम्बर देखि लागू गर्ने भनेर जुन त्यहाँ सम्झौता गरियो, यो संविधानको घोर उल्लंघन हो । र, यस्तो संविधानको उल्लंघन भएको कुरा प्रति यो सदनले, यो मुलुकले गम्भीरतापूर्वक लिने कि नलिने ?

आदरणीय सभामुख महोदय,

हामी यो कुरालाई अत्यन्त गम्भीरताका साथ लिनुपर्दछ भन्ने ठान्छौं । स्वाभाविक रुपले टनकपुर परियोजना सम्बन्धी सन्धि भईसकेपछि, यो सदनलाई थाहा छ, यो भन्दा अगाडि पनि दुइटा वा त्यो भन्दा बढी सेशनको अवधि भरि राष्ट्रले यसबारेमा चर्चा परिचर्चा गरेको छ । सबै सन्धि-सम्झौताहरु संसदमा प्रस्तुत गरिनु पर्दछ र टनकपुर सम्बन्धी जुन सम्झौता हो यो सम्झौता सदनमा प्रस्तुत गर्ने र सदनद्वारा अनुमोदन गरिनु पर्ने सम्झौता हो भनेर हामीले प्रतिपक्षको तर्फबाट यही सदनमा र यो भन्दा अगाडिका सेशनहरुमा पनि हामीले दृढतापूर्वक उठाएका छौं ।

सभामुख महोदय,

तर सत्तापक्षबाट लगातार त्यो कुरालाई वेवास्ता गर्दै, लगातार त्यो कुरालाई अस्वीकार गर्दै, यो कुनै सन्धि भएकै छैन, सन्धि भएकै होइन भनेर मुलुकलाई एक वर्षसम्म लगातार गुमराहमा राख्ने ढाँट्ने काम भयो । आदरणी सभामुख महोदय, हामीलाई सम्भना छ, त्यसबेला सरकारले टनकपुर सम्बन्धी सन्धि सम्झौताको सम्बन्धमा चर्चा गर्दा वास्तवमा टनकपुर परियोजनामा महाकाली नदीको जुन ठाउँमा टनकपुर परियोजना बनेको छ र त्यो भारतीय नदी हो र त्यस ठाउँमा नेपालको अधिकार छैन भन्ने जिम्मेदार मन्त्रीहरुले, सत्तापक्षका जिम्मेदार माननीयहरुले त्यो कुरा राख्नुभएको थियो । त्यति मात्रै होइन, स्वभाविक रुपले त्यसको जुन अभिन्न अंगको रुपमा रहेको बायाँ तटबन्ध हो, त्यो त बायाँ तटबन्धमा प्रयोग भएको नेपाली भूभाग, त्यो टनकपुर परियोजनाको अभिन्न अंगको रुपमा होइन त्यो त केवल नेपालतर्फ आउने बाढीलाई रोक्नका निम्ति मात्रै प्रयोग भएको हो भनेर बनाइएको हो भनेर श्री ५ को सरकारले उल्लेख गरेको थियो । त्यस ढंगले जिम्मेदार मन्त्रीहरुले राख्नुभएको थियो ।

सम्माननीय सभामुख महोदय,

प्राकृतिक स्रोतको उपयोगको बाँडफाँड भएको छैन, त्यसबाट मुलुकको कुनै अहित भएको छैन, बरु भारतले शुभेच्छा स्वरुप पानी र बिजुली नेपाललाई प्रदान गरेको छ भन्ने यस किसिमले सत्तापक्षबाट जुन कुरा उल्लेख गरिएको थियो । हामीलाई सम्भना छ, त्यो गलत हो, श्री ५ को सरकारले गरेका ती कुराहरु गलत छन् । जनतालाई गुमराहमा पार्ने खालका छन्, राष्ट्रको हितलाई हानी पुऱ्याउने खालका छन्, आघात पार्ने खालका छन् । संविधानलाई मिच्ने खालका छन् भनेर मुलुकले एक वर्षसम्म लगातार सदनभित्र र बाहिर समेत चर्चा परिचर्चा चलायो र त्यसै सन्दर्भमा राष्ट्रको हितलाई, संविधानको मर्यादालाई र ऐन कानूनको मर्यादालाई पालन गर्नुपर्दछ भन्ने सन्दर्भमा मुलुकले अभियान चलाउँदा, धेरै होनहार नागरिकको, धेरै देशभक्तहरुको जीवन पनि गएको छ, धेरैले बलिदान पनि दिनुपरेको छ । चाहे त्यो ०४८ साल चैत्र २४ गतेको घटनाको कुरा होस्, चाहे त्यो कावासोतीको भारतीय प्रधानमन्त्री नेपालमा

आइरहेको बेला एउटा ज्ञापनपत्र दिनको निम्ति स्वयं टनकपुरको छेउबाट आएको जुन एउटा ज्ञापनपत्र दिने दल थियो, त्यो दलमाथि नवलपरासीको कावासोती भन्ने ठाउँमा जुन गोली काण्ड भयो, यस खालका घटनाहरुबाट मुलुकले धेरै आहत हुनुपरेको छ। मुलुकमा यो टनकपुर परियोजना सम्बन्धी सवालमा, यसको प्रकृति निर्धारण गर्ने सवालमा, सरकारले जनता र राष्ट्रलाई गुमराह गर्न खोजेको कुराको विरुद्ध देशभक्तहरुले आवाज उठाउँदा खेरि धेरै रगत बगाउनु परेको छ। हामी ती कुराहरुलाई बिर्सन सक्तैनौ । स्वाभाविक रुपले टनकपुर परियोजना सम्बन्धी सम्झौता भएको ११ महिनापछि, जब भारतका प्रधानमन्त्री नेपालको भ्रमणमा आउनुभयो, त्यसबेला केही स्पष्टीकरणहरु थपिए। म यहाँ यो सम्झना गर्नु बान्छनीय ठान्छु, त्यो के हो भने जब भारतका प्रधानमन्त्री यहाँ आउनुभयो र नेपालको प्रधानमन्त्रीसँग जब वार्ता भयो, त्यसको विज्ञप्तिमा उल्लेख गरिएको छ कि त्यो टनकपुर बाँध परियोजनामा प्रयोग भएको जुन नेपाली भूमि छ, त्यो नेपाली भूमिको सार्वभौमिकता नेपालकै रहिरहनेछ अर्थात् नेपालकै त्यो हुनेछ भन्ने कुरा प्रष्टीकरण थपियो । म यसबाट के प्रश्न उठाउन चाहन्छु भने, यदि त्यो ९१ को डिसेम्बर ५ को सम्झौताको जुन ड्राफ्ट हो, यदि त्यस बेला नै त्यो कुरा मानिएको भए त्यो कुरा भएको भए, पछि किन स्पष्टीकरण थप्नुपर्दथ्यो ? अनि जब नेपालको कुनै भूभागको बारेमा अर्को कुनै राष्ट्रको एउटा जिम्मेदार व्यक्तिले आएर यसको सार्वभौमिकता तपाईंकै हातमा छ भनेर नभन्दिउन्जेलसम्म सरकारले बोल्न नसक्ने वा त्यस्तो भन्न नसक्ने मान्न नसक्ने यो जुन स्थिति देखा पर्‍यो, के यो एउटा बहुत दुःखदायी, बहुत हानिकारक खालको कुरा होइन र ? मैले यसबाट के प्रश्नतर्फ ध्यानाकर्षण गर्न खोजेको हुँ भने जसरी माननीय मन्त्रीहरु या सत्तापक्षका माननीयहरु २.९ हेक्टर जमीन र त्यो जलमग्न हुने क्षेत्रको जुन नेपाली भूभाग थियो, त्यो जमीनको बारेमा हामीले प्रश्न उठाउँदा प्रतिपक्षको तर्फबाट प्रश्न उठाउँदा त्यसको सार्वभौमिकता नेपालमै रहेको कुराको ग्यारेण्टी सन्धिमा गरिएको छ भनेर उहाँहरुले देखाउन सक्नुभएको थिएन र उहाँले त्यो ढंगले हाम्रा सवालहरुको जवाफ दिन सक्नुभएको थिएन। यसबाट यो जाहेर हुन्छ कि मैले शुरुमा नै संविधानको १२६ को उप-धारा (४) को जुन प्रश्न मैले यहाँ उठाएँ । वास्तवमा त्यसबेला संविधानको भावना विपरित नेपालको प्रादेशिक अखण्डतामा आँच आउन सक्ने गरी जमिन उपलब्ध गराइएको थियो

र त्यो ढंगको गल्तीलाई पछि भारतीय प्रधानमन्त्री नेपालमा आएको बेलामा त्यसलाई सच्याउने प्रयत्न गरियो । त्यो स्पष्टिकरणको त्यति मात्र अर्थ हो र यसबाट यो प्रश्न उठाउँन सकिन्छ कि यो सरकारले प्रादेशिक अखण्डतामा आँच आउने खालको, त्यस ढंगको प्रश्न उठ्न सक्ने खालको काम गरेर एउटा राष्ट्रघात गरेको थियो ।

सम्माननीय सभामुख महोदय,

हामीलाई सम्भना छ, गत मंसिर ३० गते सर्वोच्च अदालतले जब फैसला सुनायो, त्यसबेला हामी त्यो फैसलामा देख्न सक्छौं, श्री ५ को सरकारले जतिसुकै पारदर्शी ढंगले काम गरिरहेको छु भने पनि, श्री ५ को सरकारले जनताको सुसूचित हुने हकलाई संरक्षण गरेको छु भनेको भएपनि, टनकपुर बाँध सम्बन्धी यो सम्भौताको सन्दर्भमा उसले सांसदहरुलाई संसदभित्र र बाहिर जनतालाई जानकारीमा दिएका कुराहरु शिर न पुच्छर बिनाका कुराहरु थिए भनेर उसले फैसलामा उल्लेख गरेको छ । मैले यो यस कारणले उल्लेख गरिरहेको छु कि वास्तवमा सर्वोच्च अदालतले स्वयं प्रधानमन्त्रीज्यूलाई, जलस्रोत राज्यमन्त्रीज्यूलाई र अरु सरोकारवाला व्यक्तित्वहरुलाई जब उसले बुभ्न चाह्यो, उहाँहरुले लिखित रुपमा जाहेर गर्नुभएका अदालतलाई लिखित रुपमा उहाँहरुले दिनुभएका बयानबाट जाहेर हुन्छ कि वहाँहरुले त्यसबेला पनि प्राकृतिक श्रोतको उपयोगको बाँडफाड भएको छैन । जनताको सुसूचित हुने अधिकारको हनन् गरिएको छैन । यो बायाँ तटबन्ध भनेको त्यो टनकपुर परियोजनाको अभिन्न अंग होइन र महाकाली नदीको जुन ठाउँमा टनकपुर बाँध परियोजना बनेको छ । त्यो परियोजनाभित्र नेपालको नदी अधिकार अर्थात् नेपालको त्यहाँ पानी सम्बन्धी अधिकारी त्यस्तो छैन भनेर जुन उहाँहरुले उल्लेख गर्नुभएको थियो । त्यो कुराको खिलाफमा सर्वोच्च अदालतले श्री ५ को सरकारले सुसूचित नगरेको, शिर न पुच्छरको कुरा जानकारी दिएर वास्तविक जानकारी नदिएको र प्राकृतिक स्रोतको उपयुक्त बाँडफाँड भएकै हो भन्ने कुरा र टनकपुर परियोजनाको देब्रे तटबन्दमा प्रयोग भएको नेपाली जुन भूभाग छ र त्यो भूभागमा बनेको जुन बाँध छ । त्यो बाँध टनकपुर परियोजनाको अभिन्न अंग हो भन्ने कुरा उसले फैसला गरेको

हो । यसबाट के प्रश्न उपस्थित हुन्छ भने, श्री ५ को सरकार आफुले गरेका कामहरु जबसम्म अर्को कुनै निर्णायक महत्वपूर्ण सर्वोच्च निकायले फैसाला गर्दैन, तबसम्म ऊ आफ्नो गल्तीहरुलाई कुनै पनि हालतमा आफ्नो समिक्षा गरेर वा अर्को कुनै प्रतिपक्ष वा देशका बुद्धिजीवीहरु वा आम जनताले उल्लेख गरे पनि ऊ कुनै सुन्ने-टेर्ने र त्यसलाई समिक्षा गर्नेवाला छैन । तर जब सर्वोच्च अदालतले यो फैसला गऱ्यो । त्यो फैसला गरे पछाडि पनि हामी यो सम्झना गर्न सक्छौँ कि केही माननीय मन्त्रीहज्यूहरुले त्यसपछि पनि उल्लेख गर्दा, वास्तवमा त्यो त समझदारी नै भएको हो भनेर सन्धि भएको होइन भन्ने किसिमले फेरि पनि केही सत्तापक्षका माननीय सदस्यहरुले त्यसढंगले उल्लेख गर्नुभयो । साँच्चै भन्ने हो भने यसो भन्न सकिन्छ- सर्वोच्च अदालतको फैसलालाई पनि अपमान गर्ने खालका कुराहरु उहाँहरुले धेरै ठाउँमा उल्लेख गर्नुभएको छ ।

सम्माननीय सभामुख महोदय,

अहिले श्री ५ को सरकारको तर्फबाट जलस्रोत राज्यमन्त्रीले प्रतिनिधिसभामा जुन सम्झौता प्रस्ताव प्रस्तुत गर्नुभएको छ र जुन मूल्यांकनको हवाला दिँदै उहाँले यो प्रस्ताव राख्नुभएको छ, म के भन्न चाहन्छु भने श्री ५ को सरकार, संविधान, ऐन, कानून, राष्ट्र र जनताको हितमा, व्यवस्थाको हितमा नहुने खालका आफ्ना क्रियाकलापहरुलाई सकेसम्म ऊ ढाकछोप गर्न चाहन्छ । र, हामीलाई यो सम्झना छ कि बितेको १ वर्षसम्म यो सन्धि नै होइन भनेर उत्तिकै दृढताका साथ प्रधानमन्त्री लगायत सबै माननीय मन्त्रीहरु र सत्तापक्षका सांसदहरु यो उल्लेख गरिरहनुभएको थियो । अहिले सर्वोच्च अदालतले फैसला सुनाइसकेपछि यो सन्धि हो र यसलाई संसदमा लगेर अनुमोदन गराउने सर्वोच्च अदालतको आदेश छ । हामी संसदको सर्वोपरिताको, संसदको सम्मानको आदर, कदर गर्छौं र सर्वोच्च अदालतको फैसलालाई हामी सम्मान गर्छौं भनेर उहाँहरु धेरै व्याख्या विश्लेषण गरिरहनुभएको छ । तर के सम्झना गर्न सकिन्छ भने जुन बेला प्रतिपक्षको तर्फबाट यस्ता सन्धि सम्झौताहरुलाई सदनमा प्रस्तुत गर्नुपर्छ भनेर माग राखिएको थियो । त्यसबेला उहाँहरुले त्यसलाई ठाडै अस्वीकार गर्दै आउनुभयो र अहिले पनि जब कि यो टनकपुर परियोजना सम्बन्धी सम्झौता दीर्घकालिन प्रकृतिको छ, त्यो व्यापक प्रकृतिको छ, त्यो महत्वपूर्ण छ र त्यसले

स्वभाविक रुपले दीर्घकालिन व्यापक र महत्वपूर्ण प्रभाव पार्छ, त्यस्तो असर पार्छ, यस्तो सन्धिलाई साधारण प्रकृतिको हो भनेर त्यस्तो मूल्यांकन गर्दै उहाँहरु प्रतिनिधिसभामा साधारण बहुमतले पास गर्न सकिने रुपमा प्रस्तुत गर्दै हुनुहुन्छ। यसले वास्तवमा श्री ५ को सरकार संसदको सम्मान, संविधानको सम्मान गरिरहेको छैन भन्ने कुरा स्पष्ट रुपमा जाहेर गरेको छ।

आदरणीय सभामुद महोदय,

यो सर्वोच्च अदालतको फैसलालाई उल्लेख गर्दै जसरी श्री ५ को सरकारले यहाँ प्रस्ताव प्रस्तुत गरेको छ, म के तर्फ ध्यानाकर्षण गर्न चाहन्छु भने सर्वोच्च अदालतको फैसला पनि कानूनसम्मत ढंगले नै कार्यान्वित गरिनुपर्छ। अर्थात, कुनै पनि अदालतको आदेश कानून विपरीत ढंगले, कार्यान्वयन हुन सक्तैन। जब सन्धिको कुरा आउँछ, सन्धिलाई संविधानको १२६ को उपधारा (१) ले कानूनसम्मत ढंगले त्यसलाई अनुमोदन, सम्मिलन, स्विकृति गर्ने कुराको व्यवस्था गरेको छ। सन्धिको अनुमोदन गर्ने कानून कुन हो ? हामीलाई सम्झना छ, नेपाल सन्धि ऐन २०४७, नेपाल सन्धि ऐन २०४७ नै यस्तो कानून हो जुन कानूनले सन्धि सम्झौताहरुलाई अनुमोदन गर्नको निम्ति अधिकार सृष्टि गर्छ, त्यसको एउटा निश्चित अधिकार क्षेत्रलाई त्यसले निर्धारण गर्छ। तर हामीले अहिले भर्खरै सुन्यौं, यो प्रस्तावमा श्री ५ को सरकारले सन्धि ऐनको कुनै उल्लेख नगरिकन केवल संविधानको १२६ धाराको उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांशलाई प्रतिबन्धात्मक पक्षलाई उल्लेख गर्दै अनि प्रतिनिधिसभा नियमावलीको २१९ का उपधाराहरुलाई उल्लेख गर्दै उसले यो प्रस्तुत गरेको छ। यसले के जाहेर गर्छ भने यो प्रतिनिधिसभा नियमावली भनेको निश्चित रुपले एउटा प्रक्रिया निर्धारण गर्ने कानून हो। यो अधिकार सृष्टि गर्ने होइन। प्रक्रिया निर्धारण गर्ने कानून मात्र हो। तर जुन अधिकार सृष्टि गर्ने कानून हो, अधिकार सृष्टि गर्ने ऐनको जुन व्यवस्था हो, त्यो भनेको २०४७ को सन्धि ऐन नै हो। त्यो सन्धि ऐनको उल्लेख श्री ५ को सरकारले यसमा गरेको छैन। त्यसको कारण के हो भने सन्धि ऐनमा स्वभाविक रुपले संविधानको धारा १२६ को उपधारा (२) का जे-जति पनि सन्धि सम्झौताहरु छन् त्यस्ता सन्धि सम्झौताहरुलाई संयुक्त

सदनको दुई तिहाईबाट अनुमोदन गर्नुपर्छ भन्ने त्यसले सुस्पष्ट व्यवस्था गरेको छ । तर संविधानको यो भावना र ऐन कानूनको यो पक्षलाई सर्वथा विस्मृतिमा राखेर त्यसलाई बिर्सेर या त्यसलाई उल्लंघन गरेर, त्यसलाई आदर गर्न नचाहेर श्री ५ को सरकारले केवल सर्वोच्च अदालतको फैसलामा रहेको यो पक्षलाई कि श्री ५ को सरकारले मूल्यांकन गरेर प्रतिनिधिसभा वा संयुक्त सभामा लैजाओस् भन्ने त्यो पक्षलाई मात्रै उल्लेख गरेर उसले प्रतिनिधिसभा नियमावलीका केही धाराहरुलाई टेक्दै यस सदन समक्ष प्रस्तुत गरेको छ। स्वाभाविक रुपले मैले अघि नै भने सर्वोच्च अदालतका फैसलाहरु पनि कानूनसम्मत ढंगले मात्रै कार्यान्वित हुन सक्छन् । स्वाभाविक रुपले कानूनभित्र पनि प्रक्रिया निर्धारण गर्ने कानून होइन । अधिकार सृष्टि गर्ने कानून अन्तर्गत नै त्यसको कार्यान्वयन हुनुपर्छ । त्यसो भएको हुनाले सरकारको यो सन्धि प्रस्तावमा जुन कानूनलाई टेकेर, जुन धारा-उपधाराहरुलाई टेकेर यो प्रस्तुत गरिएको छ त्यो स्वाभाविक रुपमा कानून विपरित छ । सरोकारवाला विषयमा त्यो कानूनसम्मत छैन । यो परिस्थितिमा हामी के भन्न सक्छौं भने श्री ५ को सरकारले एक खालको पूर्वधारणा बनाएर त्यस अनुरुप मूल्यांकन गर्ने कुरा या त्यस अनुरुप आफ्ना धारणाहरु निश्चित गर्ने र त्यस ढंगले कार्यान्वयन गर्ने कुरा उल्लेख गर्दै आएको छ । चाहे त्यो अघिल्लो बेलाको यो केवल समझदारी मात्र हो भन्ने विषय होस् या पछिल्लो बेलामा अहिले त्यो साधारण प्रकृतिको सन्धि हो भन्ने विषय किन नहोस्, दुवै बेलामा उसले एउटा पूर्व धारणा बनाएर आफूलाई जसो गर्दा सजिलो हुन्छ त्यो ढंगले मात्रै जाने तर संविधान र ऐन कानूनको अक्षर र भावनालाई पालना गर्ने कुरामा भने अस्विकार गर्ने वा त्यसबाट बचेर जाने वा त्यसलाई संविधान वा ऐन कानूनका सरोकारवाला पक्षलाई कुनामा पारेर जाने, कर्नरमा पारेर जाने खालको कुरा उल्लेख गरेको छ। त्यसो भएको हुनाले जसरी अहिले श्री ५ को सरकारको यो मूल्यांकनभित्र साधारण प्रकृतिको हो भनेर प्रस्तावमा उल्लेख गरिएको छ र यो सदनमा प्रस्तुत गरिएको छ। हामीलाई सम्झना छ या हामी यो बारेमा वाकिफ छौं, जानकार हुन सक्छौं कि संविधानको १२६ को उपधारा (२) भनेको स्वाभाविक रुपले जुन निश्चित सन्धि सम्झौताहरुलाई संयुक्त सदनको दुई तिहाइले समर्थन गर्नुपर्छ, दुई तिहाईले अनुमोदन गर्नुपर्छ भनेर उल्लेख गरेको छ । संविधानको मूल भावना त्यही हो। त्यसो भएको हुनाले त्यसभित्र जुन प्रतिबन्धात्मक पक्ष छ,

प्रतिबन्धात्मक अंश छ, त्यसको निम्ति यो साधारण प्रकृतिको हो, यो अल्पकालीन हो, यो दूरगामी प्रभाव पार्ने होइन, यो त्यस्तो महत्वपूर्ण होइन भन्ने त्यस्तो विशेष स्थिति सरकारले पुष्टि गर्न सक्नुपर्छ, सरकारले त्यस्तो प्रमाणहरु प्रस्तुत गर्न सक्नुपर्छ । तर त्यो सिङ्गो मूल्यांकन प्रस्तावलाई अध्ययन गर्दा सरकारले त्यो खालका कुनै तथ्यहरु प्रस्तुत गरेको हामी पाउँदैनौं र उसले प्रस्तुत गर्न सकेको छैन । प्रश्न उठ्न सक्छ, यो टनकपुर सन्धि, टनकपुर जलविद्युत परियोजना सम्बन्धी जुन सन्धि सम्झौता हो यो अल्पकालीन हो कि दीर्घकालीन हो ? निश्चित रुपले यो एउटा सापेक्ष कुरा हो ।

सर्वोच्च अदालतले पनि भनेको छ, यो एउटा सापेक्ष कुरा हो । तर सापेक्षताकै अर्थमा लिँदा पनि त्यसको व्याख्या कसरी गर्ने ? अल्पकालीन र दीर्घकालीनताको व्याख्या कसरी गर्ने ? म के प्रश्न उठाउँन चाहन्छु भने एउटा संसद पाँच वर्षको हुन्छ । सामान्यतया विशेष स्थिति आएन भने त्यो पाँच वर्षको हुन्छ । यदि ६ वर्षको निम्ति कुनै सन्धि हुन्छ भने त्यो अल्पकालीन हो कि दीर्घकालीन हो ? एउटा संसदबाट अर्को संसदमा ट्रान्सफर हुने त्यस खालको सन्धि हुन्छ भने पाँच वर्ष भन्दा बढ्ताको सन्धि हुन्छ भने त्यसलाई दीर्घकालीन भन्न सकिन्छ कि सकिदैन?

सभामुख महोदय,

नेपालीहरुको औसत आयु ५२ वर्ष छ । ५०/५२ वर्षसम्म कायम हुने सन्धि हो भने त्यो अल्पकालीन हो कि दीर्घकालीन हो ? त्यति मात्र हैन टनकपुर परियोजना सम्बन्धी जब त्यो सन्धिको मजबुनलाई हामी हेर्‍यौं कि त्यो ठाउँमा नेपालको जुन भूमि उपलब्ध गराएको छ या अन्य विभिन्न कुराहरुको जुन कन्ट्रीव्यूसन गरेको छ, त्यो कन्ट्रीव्यूसनको कुरालाई लिएर हेर्ने हो भने देखि त्यसमा यो सन्धिको कुनै अवधि, कुनै त्यसको भोगाधिकारको कुराहरु, जमिनको उपभोग गर्ने अवधिको कुराहरु उल्लेख गरिएको छैन । जब यो उल्लेख गरिएको छैन भने स्वाभाविकरुपले अनुमान गर्न सकिन्छ, जबसम्म त्यो टनकपुर बाँध रहन्छ, जबसम्म त्यो टनकपुर परियोजनाका प्राविधिक पक्षहरु निकम्मा हुँदैनन् तबसम्म त्यो सन्धि कायम रहने छ । यदि त्यस्तो हो भने हामी अरु धेरै चाहे त्यो कोशीको होस् वा गण्डकीको

या महाकालीमा भएको शारदा नदीको कुरा होस् शारदा व्यारेजको कुरा होस् त्यो ठाउँमा ती कुराहरुलाई त्यो प्रविधिको कुरालाई हेर्दै यो आधुनिक प्रविधिद्वारा निर्मित भएको टनकपुर बाँध परियोजना १०० वर्ष भन्दा माथि टिक्न सक्छ भनेर भन्न सक्छौं । सय वर्ष भन्दा माथि टिक्छ भने त्यसलाई दीर्घकालीन भन्ने कि अल्पकालीन भन्ने ?

अर्कोतिर स्वभाविक रुपले यो व्यापक होइन भन्ने त्यस ढंगको निष्कर्ष मूल्यांकन प्रस्तावमा प्रस्तुत गरिएको छ, तर त्यो मूल्यांकन प्रस्तावकै एउटा हिस्सामा के उल्लेख गरिएको छ भने यसको मूल्यांकन गर्दा भारत भ्रमणमा प्रधानमन्त्रीले गएर गर्नुभएका अरु तमाम सन्धि सम्झौता र परियोजनाहरुको बारेमा पनि ख्याल गर्नुपर्छ भनेर उल्लेख गरिएको थियो । जब एउटा सन्धिको एउटा विषयको मूल्यांकन गरिरहेको बेला तमाम सन्धि-सम्झौता त्यस बेला गरिएका तमाम् सन्धि सम्झौताहरुको परिप्रेक्षलाई ख्याल गर्नुपर्छ भनेर भनिन्छ भने के यो दुई देश बीचको सम्बन्धलाई ख्याल गरिनुपर्छ भन्ने होइन र ? व्यापारको कुरा या व्यापार-वाणिज्यको कुराहरु तमाम् क्षेत्रको चाहे निर्माणको होस्, व्यापारको होस् या अन्य सम्बन्धको कुरा होस् त्यो तमाम् सवालमा ख्याल गर्नुपर्छ भनेर स्वयम् यो मूल्याकंन प्रस्तावले उल्लेख गर्छ भने के यो व्यापक प्रकृतिको भएन र ?

सभामुद महोदय,

स्वाभाविक रुपले यसलाई जसरी श्री ५ को सरकारले व्यापक होइन भन्दै, दीर्घकालीन होइन भन्दै, दूरगामी प्रभाव पार्ने छैन भन्दै जसरी प्रस्तुत गरेको छ, त्यो पूर्वाग्रह आधारित छ । स्वाभाविक रुपले त्यो गलत छ, संविधान र ऐन कानूनको भावना विपरीत छ । त्यसै भएको हुनाले हामी यसलाई प्रतिनिधिसभामा छलफल गर्ने विषय होइन, प्रतिनिधिसभामा प्रस्तुत गर्नु मात्रै पनि वास्तवमा संविधानको भावनालाई उल्लघन गर्नुहो भन्ने हामी ठान्छौं ।

सभामुद महोदय,

यसको अर्को पक्ष पनि छ । अर्को पक्ष के छ भने नेपालमा सामान्यतया भन्दै आइएको छ हर कसैले भनिरहेको छ कि नेपालको सम्पत्ति भनेको जलश्रोत हो । र, यो जलविद्युत सम्बन्धी नेपालको जुन श्रोत हो वा जुन शक्ति हो, त्यो ८३ हजार मेघावाट विद्युत क्षमताको छ । यो ८३ हजार मेघाबाट विद्युत क्षमता भएको जलश्रोतको परिचालन गर्नको निम्ति कस्तो मेकानिज्म, कस्तो खालको मेथड, कस्तो खालको तौर तरीका र कस्तो नीति अवलम्बन गर्ने हो भन्ने कुरा पनि यसबाट स्वभाविक रुपले उपस्थित हुन्छ । र यो टनकपुर सम्बन्धी जुन सन्धि भएको छ, यो सन्धिले स्वभाविक रुपले भविष्यको निम्ति एउटा प्रेसिडेन्स, भविष्यको निम्ति एउटा नजीर पनि स्थापित गर्छ । जब यसको समयावधिको कुरा, यसले नेपाल र भारतको बिचमा भैरहेका तमाम सन्धि सम्झौताहरु र दुई मुलुकको बीचको सम्बन्धको कुरा र यसले नेपालकै अरु प्राकृतिक श्रोत सम्पदाहरुलाई भविष्यसम्म उपयोग गर्ने कुराको, भविष्यसम्म प्रयोग गर्ने कुराको नजीर स्थापित गर्छ भने यसलाई कसरी अल्पकालीन, कम महत्वपूर्ण, त्यसलाई साधारण खालको भनेर कसरी भन्न सकिन्छ ? त्यसो भएको हुनाले श्री ५ को सरकारले प्रस्तुत गरेको यो मूल्यांकन निश्चित रुपमा त्यो संविधान र ऐन कानून विपरीत छ। राष्ट्रको हितलाई हानी पुऱ्याउने खालको छ। संविधानलाई उल्लंघन गर्ने खालको छ । त्यसो भएको हुनाले यिनै विषयहरुलाई आत्मसाथ गरेर, यिनै कुराहरुलाई हृदयंगम गरेर हामीले टनकपुर सम्बन्धी यो सन्धि प्रस्तावलाई प्रतिनिधिसभामा प्रस्तुत गर्नु र प्रतिनिधिसभामा छलफल गर्नु यो संविधान विपरित हो भन्ने त्यो मान्यता राखेर हामीले एउटा प्रस्ताव हाम्रो विभिन्न प्रतिपक्षी सांसदहरुले सही गरेर माननीय सभामुख समक्ष हामीले प्रस्तुत गरेका छौं र त्यो प्रस्तावलाई म यहाँ पढेर सुनाउन चाहन्छु ।

**सम्माननीय सभामुख महोदय,**

**विषय** : टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि दुवै सदनको संयुक्त बैठकको क्षेत्राधिकारको विषय भएकोले प्रतिनिधिसभामा छलफल नगरियोस ।

माननीय महोदय,

श्री ५ को सरकारको तर्फबाट टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि प्रस्तावलाई प्रतिनिधिसभामा प्रस्तुत गर्न संसद सचिवालयमा सो प्रस्ताव दर्ता गराएको जानकारीमा आएको हुँदा हामी माननीय सभामुख समक्ष निम्न व्यहोराको निवेदन गर्दछौँ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को १२६ को उपधारा (२) ले नेपालको प्राकृतिक सम्पदाको उपयोग र त्यसको बाँडफाँड सम्बन्धी सम्झौता संसदको दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतबाट अनुमोदन गराउनु पर्ने व्यवस्था गरेको छ । यो प्रष्ट संवैधानिक व्यवस्था हो । यसको अपवादको रुपमा राष्ट्रलाई गम्भीर, व्यापक, दीर्घकालीन असर नपर्ने प्रकृतिको सन्धि प्रतिनिधिसभाको साधारण बहुमतबाट अनुमोदन गराउने प्रावधान छ । श्री ५ को सरकारले भारत सरकारसँग गरेको टनकपुर परियोजना सम्बन्धी सन्धिबाट दीर्घकालीन, गम्भीर, व्यापक असर पर्ने कुरा स्वतः स्पष्ट छ । यसर्थ टनकपुर परियोजना सम्बन्धी सन्धिमा दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरुको दुई तिहाईबाट अनुमोदित भएपछि मात्र/नेपाल अधिराज्यको हकमा लागू मानिन्छ । यसको लागि टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि प्रतिनिधिसभामा पेश हुने होइन दुवै सदनको संयुक्त बैठकमा पेश गरिनु पर्दछ । हाम्रो संविधानिक व्यवस्था यही हो ।

हाल बहालमा : रहेको नेपाल सन्धि ऐन, २०४७ को दफा ४ ले संविधानको धारा १२६ को उपधारा (२) बाहेकका सन्धि मात्र प्रतिनिधिसभामा पेश गर्न सकिने व्यवस्था गरेको छ र श्री सर्वोच्च अदालतबाट २०४९ मंसिर ३० गतेको

फैसलामा टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि संविधानको धारा १२६ (२) अन्तरगतको सन्धि हो भनी प्रष्ट उल्लेख भएको छ । यसबाट पनि टनकपुर बाँध परियोजनासँग सम्बन्धित सन्धि प्रतिनिधिसभामा पेश हुने होइन दुवै सदनको संयुक्त बैठकमा पेश हुने सन्धि हो भन्ने प्रष्ट हुन्छ ।

प्रतिनिधिसभा नियमावली, २०४८ को दफा ७२ ले संवैधानिक व्यवस्था विपरित कुनै पनि प्रस्ताव प्रतिनिधिसभामा छलफलको लागि ग्राह्य नहुने व्यवस्था गरेको छ । टनकपुर परियोजना सम्बन्धी सन्धि प्रस्ताव प्रतिनिधिसभामा छलफलको लागि प्रस्तुत हुन संविधानको धारा १२६ (२) र सन्धि ऐनको दफा ४ र ५ को विपरित हुने हुँदा प्रतिनिधिसभा नियमावलीको दफा ७२ बमोजिम यस्तो प्रस्तावलाई प्रतिनिधिसभाको कार्यसूचीमा राखी छलफल गर्न मिल्दैन ।

टनकपुर परियोजना सम्बन्धी सन्धि प्रस्ताव प्रतिनिधिसभाको कार्यसूचीमा राखी छलफल गरियोस् भनी श्री ५ को सरकारले संसद सचिवालयमा दर्ता गराएको प्रस्तावमाथि उल्लेखित प्रकारले संविधान र कानूनसंगत नभएको हुँदा सो प्रस्तावलाई खारेज गरियोस् भनी माननीय सभामुख समक्ष सादर अनुरोध गर्दछौं ।

साथै टनकपुर परियोजना सम्बन्धी सन्धि प्रस्तावमाथि छलफल गर्न र निर्णय गर्न संविधानको धारा १२६ (२) र सन्धि ऐन, २०४७ को दफा ५ बमोजिम दुवै सदनहरुको संयुक्त बैठक बोलाउन माननीय सभामुख महोदयसँग अनुरोध गर्दछौं ।

सदनको संयुक्त बैठक र संयुक्त समितिको नियमावली, २०४८ को दफा १८ ले श्री ५ को सरकारले सन्धि सम्झौताहरु संयुक्त बैठकमा प्रस्तुत गर्न चाहेमा सोको व्यवस्था गरेको छ । तर श्री ५ को सरकारले नचाँहदा, संसदको आफ्नै पहलमा दुवै सदनको संयुक्त बैठक बोलाउने बारे कुनै दफामा प्रष्ट उल्लेख भएको पाइदैन । संविधानको धारा १२६ (२) ले दुवै सदनको संयुक्त बैठकको व्यवस्था गरेको छ । श्री सर्वोच्च अदालतको फैसलाबाट टनकपुर परियोजना सम्बन्धी सन्धि संविधानको धारा १२६ (२) अन्तरगतको हो भनी ठहर भएको छ । संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०४८

को दफा ३५ ले माननीय सभामुखलाई बाधा अडकाउ फुकाउने अधिकार प्रदान गरेको छ । संवैधानिक व्यवस्था लागू गराउन र टनकपुर परियोजना सम्बन्धी सन्धि प्रस्तावमाथि छलफल गर्न संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०४८ को दफा ३५ प्रयोग गरी दुवै सदनको संयुक्त बैठक अबिलम्ब बोलाइयोस् र श्री ५ को सरकारद्वारा प्रस्तुत गरिएको सन्धि सम्बन्धी यस प्रस्तावलाई प्रतिनिधिसभामा छलफल नगराईयोस् भनी हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

**"राष्ट्रिय हित र प्रजातान्त्रिक अधिकारको संरक्षणको निम्ति कुनै पनि धम्की वा प्रलोभानबाट तर्सिन हुँदैन ।"**

हाम्रो देश त्यसै पनि तीनतिरबाट भारतद्वारा नै घेरिएको छ । दुई देशबीचको सिमाना खुला छ । यी देशका जनताबीच प्राग्ऐतिहासिक कालदेखि नै बहुपक्षीय सम्बन्धहरु पनि रहँदै आएका छन् । तर हाम्रो दक्षिण एसियामा अंग्रेजी उपनिवेशवादीहरुको प्रवेशदेखि नै दक्षिणी सीमाबाट बढी खतरा महशुस हुँदै आएको छ । त्यो खतरा सन् १९४७ मा स्वतन्त्र भारतको निर्माणपछि पनि कम भएन, बरु त्यो समयक्रममा झन् बढ्दो स्थितिमा छ । भारतका नयाँ शासकहरुले पनि अंग्रेजहरुको साम्राज्यवादी नीतिलाई अनुशरण गर्दै समग्र हिमालयलाई नै आफ्नो उत्तरी सुरक्षा रेखा ठान्न पुगे । तद्नुरुप उनीहरुले हाम्रो देशमाथि विभिन्न असमान सन्धि र सम्झौताहरु थोपर्ने, नेपाललाई अकुण्ठित पारवहन सुविधा नदिने, विभिन्न बेलामा सीमा अतिक्रमण गर्ने, नेपालीका आन्तरिक मामलामा दखल-हस्तक्षेप गर्ने, भारतका एकाधिकार पूँजीवादी घरानाको स्वार्थअनुरुप आर्थिक र व्यापारिक नीति लिन बाध्य पार्ने र नेपालको विदेश नीतिलाई भारतको विदेश नीति अनुरुप हुनुपर्छ भनी माग गर्ने कार्य गर्दै आए । यसरी उनीहरुले नेपालका विरुद्ध निरन्तर दबाब, हस्तक्षेप र प्रभुत्वलाई लाद्ने नीति अँगाल्दै आए । त्यसले गर्दा भारतेली शासकहरुका ती हैकमवादी नीतिहरुबाट नेपालले आफ्नो राष्ट्रियतामाथि सधैँ खतरा महशुस गरिरहनुपर्ने स्थिति कायम छ ।

टनकपुरमा सन्धि हुनासाथ सर्वोच्च अदालतमा परेको रिट निवेदनमाथि बहस गरी मङ्सिर ३० गते अदालतले फैसला सुनायो । अदालतले प्रस्ट रुपमा सरकारी पक्षको जिकिरका विपरीत यस परियोजना सम्बन्धमा सरकारले शिरपुच्छरबिनाको

सूचना प्रकाशित गरी जनताको सुसूचित हुने अधिकार हनन् गरेको ठहर गर्दै तथा यस विषयमा कुनै एउटा व्यक्तिले रिट दिन नपाउने सरकारी प्रतिवादका विपरीत कुनै पनि नागरिकको हक रहेको कुरा स्थापित गर्दै टनकपुर परियोजना सम्बन्धमा भएको लिखित सामान्य समझदारी माग नभएर सन्धि नै भएको, प्राकृतिक स्रोतको उपयोगको बाँडफाँड गर्ने सन्धि भएको, नेपालमा बनेको तटबन्ध उक्त परियोजनाको अनुमोदन गराउन सरकारलाई आदेश दियो । यस फैसलाबाट सरकारले संविधान उल्लङ्घन गरेको, संसद्को अधिकार मिचेको, जनता र राष्ट्रलाई ढाँटेको तथा जालसाझ गर्ने अपराध गरेको हुनाले हाम्रो पार्टीले तत्काल प्रधानमन्त्रीबाट गिरिजाले राजीनामा गर्नुपर्ने भन्ने माग गऱ्यो ।

सर्वोच्च अदालतको फैसला आइसकेको छ एकातिर विगतको गल्ती र अपराधबापत गिरिजाले राजीनामा गर्नुपर्ने र अर्कातिर टनकपुर सन्धिमा राष्ट्रिय हित र सार्वभौमिकताको ग्यारेन्टी हुने गरी परिवर्तन गर्न नयाँ सन्धि गरेर संयुक्त बैठकको दुई तिहाइबाट पारित गराउने विषयलाई लिएर पार्टीले प्रचार र सङ्घर्षका कार्यक्रमहरु सञ्चालन गऱ्यो । देशभक्ति र प्रजातन्त्रको भावना राख्ने सम्पूर्ण राजनीतिक शक्तिहरु, विद्वान्, बुद्धिजीवीहरु र जनसाधारणलाई गोलबद्ध गर्ने तथा परिचालन गर्ने कार्यक्रमहरु तयार गऱ्यो । हाम्रो पार्टीको पहलमा तथा अरु वामपन्थी समूहहरुलाई परिचालन गर्ने कार्यक्रमअन्तर्गत देशव्यापी रुपमा र प्रवासमा समेत ठूलाठूला सभा र प्रदर्शनहरु भए । सरकारले गरेको गल्ती र अपराधहरुमाथि प्रहार केन्द्रित गर्दै सत्तापक्षका गलत नीतिहरुको भण्डाफोर र विरोध गर्ने दृष्टिकोणअनुसार हाम्रो पार्टीले काम गऱ्यो । तर नेपाली काङ्ग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले अदालतको फैसलाको प्रकाशनमा सरकारका कामकाजहरुको आलोचना गर्ने र गल्तीहरु सच्याउने काम गर्नुको साटो उल्टै त्यसलाई ढाकछोप गर्ने र साउने काम गरेको हुनाले अब यो सङ्घर्षले राष्ट्रघात र राष्ट्रियताबीचको सङ्घर्षको स्वरुप लिँदै गएको छ । टनकपुरको प्रसङ्गबाट सुरु भएको यो सङ्घर्ष एकसाथ राष्ट्रियता, राष्ट्रिय हित, प्रजातन्त्र र मुलुकको अन्तर्राष्ट्रिय प्रतिष्ठा वृद्धि गर्ने सवालहरुको संयोजित संघर्षको रुपमा विकसित भएको छ । हाम्रो पार्टीले यस सवाललाई गम्भीरतापूर्वक लिनुपर्छ । गिरिजा कोइरालाले माध्यावधि चुनावको समेत धम्की दिएर आफूलाई बचाउने हरसम्भव

कोसिस गर्दैछन् । राष्ट्रिय हित र प्रजातान्त्रिक अधिकारको संरक्षणको निम्ति कुनै आवश्यक पर्दा हाम्रो पार्टीले जुनसुकै स्थितिको पनि सामना गर्नुपर्ने र कुनै पनि धम्की वा प्रलोभनबाट तर्सिन हुँदैन । यो सवाल राष्ट्रियता र प्रजातन्त्रको निम्ति मात्र होइन स्वयम् हाम्रो पार्टीकै जीवनको लागि पनि निर्णायक प्रभाव पार्ने सवाल हो ।

**मदन भण्डारी**

साभार, तस्बिरमा मदन भण्डारी



महाकाली नदीमा भारतले नेपाली भूमि अतिक्रमण गरी बाँध बनाएको विरुद्ध स्थलगत अध्ययनका लागि काठमाडौँबाट प्रस्थान गर्दै



महाकाली नदीमा भारतले नेपाली भूमि अतिक्रमण गरी बाँध बनाएको विरुद्ध कञ्चनपुरमा निस्किएको जुलुस। देब्रेबाट क्रमशः निर्मल लामा, मदन भण्डारी, विष्णु पौडेललगायत जुलुसको नेतृत्व गर्दै।




कैलालीको पार्टी कार्यालयमा कार्यकर्ताहरूसँग टनकपुरको बारेमा कुरा गर्दै



२०४९ पौषको अन्तिम साता देशका विभिन्न भागको अध्ययन भ्रमणका क्रममा टनकपुरलगायत महाकालीका बारेमा स्थलगत अध्ययन गर्दै कञ्चनपुरबाट फर्केर निर्माणाधीन कर्णाली (चिसापानी पुल) को बगरमा। दाहिनेबाट क्रमशः राजेन्द्र गौतम, किशोर श्रेष्ठ, गोविन्द कोइराला, मदन भण्डारी र धनपति उपाध्याय।



यसरी समस्याहरूको पहिचान गर्ने, स्थलगत अध्ययन गर्ने, तथ्यहरूको सङ्कलन र विश्लेषण गर्ने एवं सत्यको निरूपण गर्ने मदनको अभ्यास हेन्थ्यो।



सिंहदरबारअगाडि टनकपुरको असमान सन्धिको विरुद्धमा भएको संयुक्त धर्ना कार्यक्रममा सहभागी हुँदै। धर्नाको अग्रस्थानमा दायाँबाट क्रमशः मदन भण्डारी, मनमोहन अधिकारी, भरतमोहन अधिकारी, जीवराज आश्रित आदि नेता र कार्यकर्ताहरू।



संयुक्त धर्ना कार्यक्रममा वामपन्थी नेता नारायणमान बिजुक्छे, लिलामणि पोखरेल, पम्फा भुसाल, मनमोहन अधिकारी, भरतमोहन अधिकारी, चित्रबहादुर केसी, जीवराज आश्रित आदि नेताहरूका साथमा मदन भण्डारी नारा लगाउँदै।





वि.सं. २०४८ मा सम्पन्न निर्वाचनमा क्षेत्र नं. १ र ५ बाट विजयी भएपश्चात निकालिएको ऱ्यालीमा जननेता मदन भण्डारी



सदनमा सहभागी हुँदै, दायाँ मनमोहन अधिकारी।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४२) काठमाडौं फागुन५गते२०४९साल (पूर्वातिरिक्ताङ्क५८ (क)

## भाग ५

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकार, नेपाल र भारत सरकारका बीच २०४८ साल मंसीर २० गते तदनुसार डिसेम्बर ६, १९९१ का दिन सम्पन्न व्यापार सन्धि तथा पारवहन सन्धिका केही प्रावधानहरूलाई संशोधन गर्ने सम्बन्धमा २०४९ साल फागुन ५ गते तदनुसार फेब्रुअरी १६, १९९३ का दिन आदान-प्रदान भएका पत्रहरूको नेपाली र अंग्रेजी भाषाको प्रामाणिक प्रतिहरू नेपाल सन्धि ऐन, २०४७ को दफा १२ को प्रयोजनको लागि प्रकाशित गरिएको छ ।

१०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ४२ पूर्वातिरिक्ताङ्क ५८(क) नेपाल राजपत्र भाग ५ मिति २०४९।११।५

मितिः– फागुन ५, २०४९
काठमाडौं ।

महामहिम,

भारतका महामहिम प्रधानमन्त्रीको नेपालको औपचारिक भ्रमणको अन्तमा २०४९ साल कात्तिक ५ गते जारी भएको संयुक्त विज्ञप्तिमा प्रतिबिम्बित भए अनुसार नेपालका प्रधानमन्त्री सम्माननीय श्री गिरिजाप्रसाद कोइराला तथा भारतका प्रधानमन्त्री महामहिम श्री पी. भी. नरसिंह रावबीच भएको समझदारी मुताबिक व्यापार सन्धिको प्रोटोकलको भाग ५ को सट्टा संलग्न परिशिष्ट "क" अनुसारको प्रोटोकलको नयाँ भाग ५ राखी दुबै सरकारबीच २०४८ साल मार्ग २० गते हस्ताक्षर भएको व्यापार सन्धिका प्रावधानहरूलाई उदार गर्न सहमति भएको थियो ।

श्री ५ को सरकार, नेपालद्वारा जारी हुने उत्पत्ति प्रमाणपत्रसम्बन्धी नयाँ व्यवस्थाको परिप्रेक्ष्यमा व्यापार सन्धिको प्रोटोकलको नयाँ भाग ५ का ३, ४, ५ र ६ प्रकरणहरू सम्बन्धमा उपयुक्त समयमा पुनर्विचार गर्न दुबै पक्ष सहमत भएका छन् ।

यसका साथै प्रोटोकलको नयाँ भाग ५ मा उल्लेखित प्रावधानहरू २०४९ साल चैत्र १९ गतेदेखि लागू हुने कुरामा पनि सहमति भएको थियो ।

माथि उल्लेखित कुराहरू हाम्रा दुई सरकारहरूको बीच भएको समझदारी अनुरूप सही छन् भनी कृपया पुष्टि गरिदिनु भए म आभारी हुनेछु ।

महामहिम, मेरा उच्चतम भावनाको आश्वासनलाई कृपया स्वीकार गर्नुहोस् ।

महामहिम
प्रो. विमलप्रसाद
असाधारण तथा सर्वाधिकार सम्पन्न राजदूत
भारतीय राजदूतावास
काठमाडौं, नेपाल ।

दुर्गाप्रकाश पाण्डेय
सचिव
वाणिज्य मन्त्रालय
श्री ५ को सरकार, नेपालका निमित्त

१०६४ (२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।